# आर्थिक वर्ष २०७८/०७९ को

# नीति कार्यक्रम तथा बजेट

कनकाई नगरपालिका

झापा जिल्ला

प्रदेश नं. १

नेपाल

२०७८

# आ.ब. ०७८-७९ को नीति तथा कार्यक्रम

**सभाका सभाध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरु,**
**उपस्थित सम्पूर्ण कर्मचारी तथा संचारकर्मीज्यूहरू**

जन निर्वाचित सर्वोच्च निकाय संविधानसभाबाट २०७२ आश्विन ३ गते जारी भएको नेपालको संविधान बमोजिम संघीयताको कार्यान्वयनका क्रममा २०७४ आषाढ १४ गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट गठन भएको यस नगर सभामा यस कनकाई नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाएकोमा मलाई हर्षको अनुभूति भएको छ। यो नीति तथा कार्यक्रम संविधान जारी पश्चात र हामी निर्वाचित भएपछीको पाचौ आ.व. को हो। यस घडिमा लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि विभिन्न कालखण्डमा भएको आन्दोलनमा आफ्नो जीवन बलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरु तथा निरंकुशताको विरुद्धमा जीवन प्रर्यन्त संघर्ष गरी दिवंगत हुनुभएका सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। महामारीको रूपमा फैलिएको कोभिड-१९ (नयाँ तथा पुराना भेरियन्ट) का कारण यस नगरपालिका क्षेत्र भित्र तथा स्वदेश र विदेशमा समेत मृत्युवरण हुनुहने सम्पूर्ण नेपाली नागरिकहरु प्रति हार्दिक श्रद्दाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछु।हाल संङ्क्रमणबाट सङ्क्रमित भई उपचाररत रहनु भएकाहरु प्रति शीघ्र स्वास्थ्यलाभको कामना समेत गर्दछु।

१. देशमा युगान्तकारी राजनीतिक परिवर्तन भएको र सबै प्रकारका द्वन्दहरूको उदाहरणीय रूपमा व्यवस्थापन गर्दै लामो राजनीतिक अस्थिरता, सङ्क्रमणकाल र अन्योलको गोलचक्रबाट मुलुकलाई जनताकै त्याग, तपस्या र बलिदानका साथै निर्णायक फैसलाबाट महान् उपलब्धिहरूका साथै देश यो उचाइ सम्म आइपुग्न सफल भएको यस ऐतिहासिक महत्वपूर्ण अवसरमा सर्वप्रथम ज्ञात अज्ञात अमर शहीदहरू प्रति भाव पूर्ण श्रद्दाञ्जली अर्पण गर्दछु। साथै बेपत्ता भएका र पारिएका सबैलाई स्मरण गर्न चाहन्छु। यस नगरपालिकाका सबै अग्रज राजनीतिक तथा सामाजिक व्यक्तित्वहरू प्रति हार्दिक श्रद्दा भाव प्रकट गर्न चाहन्छु।
२. जनताको त्याग, तपस्या, बलिदान र आन्दोलनका साथै यस भूभाग प्रति माया गर्नुहुने सबै राजनीतिक दल र सरकार, संचारकर्मीहरु, विभिन्न संघ संस्थाहरु तथा शुभेच्छुक अन्य सबैबाट यस नगरलाई हालको संरचनामा रूपान्तरण गर्न खेल्नुभएको भूमिकाको उच्च मूल्याङ्कन गर्दै यो ऐतिहासिक सफलताको निमित्त सबै प्रति आभार व्यक्त गर्दछु ।
३. नेपाली जनताले लामो समयसम्म परिवर्तनका लागि गरेको सङ्घर्षबाट देश संघीयतामा गएको छ। देशको सर्वाङ्गीण विकास राज्यको प्रत्येक एकाइहरूको विकासको समष्टि रूप हो र स्थानीय क्षेत्रलाई आत्म निर्भरताको दिशा तर्फ उन्मुख गराउने उदेश्यको प्रतिफल स्वरुप राज्यको पुनः संरचना गर्दा स्थानीयतहहरुलाई पनि अधिकार सम्पन्न गराइएको हो। नेपालको संविधानमा तीन तहको सरकार रहने व्यवस्था भए बमोजिम गठित स्थानिय तहलाई निक्षेपित अधिकार तथा कर्तव्यलाई संस्थागत गर्नु हाम्रो दायित्व हुन आएको छ। अहिले हामी स्थानीय तहको नयाँ संरचना अन्तर्गत नयाँ प्रयोगको अवस्थामा अभ्यस्त भएका छौं। यस्तो गहन जिम्मेवारीलाई जटिल परिस्थितिका वावजुद पनि सफल बनाएर लैजानु छ। स्थानीय तहलाई सफल, स्थिर एवं दिगो बनाई जनतालाई अधिकतम सेवा सुविधा र विकास दिनु छ । यी सम्पूर्ण कार्यको लागि हामीले हाम्रो आफ्नै आन्तरिक

आम्दानीका श्रोतहरूको दायरालाई फराकिलो बनाउँदै समृद्ध र आत्मनिर्भर कनकाई नगरपालिका बनाउन कोसिस गरिरहेका छौं। जसका लागि यहाँहरुको निरन्तर सहयोग र प्रतिबद्धता अपरिहार्य छ ।

४. हाम्रो नगरलाई आत्म निर्भरताको दिशातर्फ कुशलता र दूरदर्शिताका साथ डोर्याउनु पर्ने पनि छँदैछ । बन्द निषेधित कनकाई नगरको रूपमा परिचित हाम्रो नगरलाई देशकै उत्कृष्ट एवं नमुना नगरको रूपमा विकसित भएको हेर्न नगरवासीहरूको जनादेशलाई आफ्नो प्रतिबद्धताको रूपमा ग्रहण गरेर पुरा गर्न कटिबद्ध हुनु परेको छ। हाम्रा अगाडी आजै नगरी नहुने कामहरू पनि धेरै छन्, ती सबैलाई आवश्यकता र हाम्रो सामर्थ्यको आधारमा प्राथमिकतामा राखेर तदारुकताका साथ सम्पन्न गर्दै जानुपर्नेछ।

५. कोभिड-१९ को संङ्क्रणको कारणले नीति, कार्यक्रम तथा विनियोजित बजेटबाट तोकीएका योजना तथा कार्यक्रमहरु समयमानै सम्पन्न गर्नलाई अवरोध सिर्जना भएको अवस्थालाई मध्यनजगर गर्दै नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट तोकिएको मापदण्ड र निर्णयहरुलाई पूर्ण रुपमा परिपालन गर्दै संङ्क्रमितहरुको उपचारको व्यवस्थापनका साथै विकास निर्माणका कार्यहरुलाई नगरवासीहरुको साथ सहयोगबाट समयमानै सम्पन्न गर्नुपर्नेछ ।

६. नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रहरुको बिकास समानुपातिक ढंगबाट ब्यबस्थापन गर्न समग्र बिकास र समृद्धिका लागि दृढ संकल्पित रहेको छ।

७. स्थानिय सरकार गठन भए पश्चात नागरिकले अनुभुत गर्ने गरी समग्र क्षेत्रको परिवर्तन र बिकासका कार्यहरु निरन्तर भईरहेका छन। संघिय तथा प्रदेश सरकारको बजेट बिनियोजनबाट योजना/आयोजना क्रमिक रुपमा सम्पन्न भईसकेका र सम्पन्न हुने चरणमा रहेका छन।

८. स्थानिय सरकार गठन भएको समय ४ वर्ष पुरा हुने अवस्थामा नगरका ठोस र देखिने गरी समग्र क्षेत्रमा उपलब्धी हासिल गर्दै सरकार सफल रुपमा अगाडी बढेको छ। यसै गरी संविधानमा व्यवस्था भए बमोजिम स्थानीय तहको एकल अधिकार सुचीमा रहेका बिषयहरुका कानुन निर्माण भएका छन। संघीयताको मुल मर्मलाई मुर्तरुप दिन स्थानीय संरचनालाई संस्थागत गरी उच्चतम सफलता हासिल गर्न समेत हामी सफल भएका छौं।

९. यस नगरपालिकालाई प्राप्त भएका र उपलब्ध भएका साधन तथा स्रोतहरुको उच्चतम प्रयोग गरि समग्र क्षेत्रहरुको कार्य सम्पन्न गर्न भरपर्दो आधारस्तम्भ तयार गर्न सफल भएका छौं। साथै यस कार्यमा सम्पुर्ण नगरबासी तथा सम्पुर्ण राजनीतिक दलहरु, संचारकर्मीहरु, बिभिन्न संघ संस्थाहरु समेतबाट प्राप्त राय/सहयोगले हामिलाई थप उर्जा प्राप्त भएको छ।

१०.हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम तर्जुमा गर्ने मुल आधार र मार्गदर्शनको रुपमा नेपालको संबिधान, संबिधानले अंगिकार गरेको एकल, साझा अधिकार, नगरको लक्ष्य, राजनीतिक दलहरुले जनता सामु निर्वाचनका बेला जारी गरेका घोषणपत्रहरु, नगरको आवधिक योजना, नगरले हाल सम्म प्राप्त गरेका उपलब्धीहरु, नेपाल सरकार र प्रदेश सरकारले समय समयमा बनाएका कानून, मापदण्ड, कार्यविधि र दिग्दर्शन समेतलाई मुल आधार लिई प्रस्तुत गरिएको छ।

११.कोभिड १९ को प्रतिकार्य योजनामा दिनरात खटिरहनु भएका सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, व्यबस्थापकीय कार्यमा खटिरहनु भएका सम्पूर्ण प्रतिनिधी र कमाचारीहरु तथा कोभिड-१९ विरुद्धको

महाअभियानमा सहकार्य र सहयोग गर्नुहुने नीजि क्षेत्र, संघ संस्था, सञ्चार माध्यम लगायत सम्पूर्ण नगरबासी नागरिकहरू प्रति हार्दिक आभार तथा धन्यवाद दिन चाहान्छु।

अब,

म आर्थिक वर्ष २०७७-७८ को यस नगरपालिकाको प्रस्तुत नीति तथा कार्यक्रमबाट प्राप्त उपलब्धिको संक्षिप्त विवरण यहाँहरुमाझ प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क) भौतिक पूर्वाधार विकास तर्फको उपलब्धिहरुः**

- क्रमागत योजनालाई निरन्तरता दिएर कार्य सम्पन्न गरिएको छ।
- पूर्वाधार विकासका कार्यक्रमहरु तोकिएको मापदण्ड बमोजिम सम्पन्न भएका छन।
- नगर क्षेत्रभित्र रहेका सडक स्तरोन्तीलाई प्राथमिकतामा राखी कार्य सम्पन्न गरिएको छ।
- राष्ट्रिय शहरी नीति बमोजिम वडाका विभिन्न बाटाहरुमा तुरुन्त ढल बनाउन नसकिने स्थानहरुमा प्लम वालहरु निर्माण गरिएको छ।
- उपभोक्ता समितिहरुलाई आ-आफ्नो क्षेत्रहरुमा रहेका बाटाका दाँया वाँया क्षेत्रमा वातावरण अनुकुलित दिगो विकासको लक्ष्य बमोजिम बोटविरुवा रोप्न प्रोत्साहित गरिएको छ।
- नगर क्षेत्रभित्र बहुउद्देश्यीय भवन निर्माणको लागि नेपाल सरकारबाट जग्गा उपलब्ध गराउने निर्णय भएको छ।
- वडा कार्यालयहरुको आफ्नै भवन निर्माणको कार्य क्रमिक रुपमा अगाडि बढेको छ।
- उज्यालो नगरीको घोषणालाई मूर्तरुप दिन बिद्युत्त प्राधिकरणको साझेदारीमा स्मार्ट बिद्युत्त जडान सम्पन्न गर्ने कार्य अन्तिम अवस्थामा रहेको छ।
- मेयर आवास कार्यक्रमबाट हालसम्म २१९ घर निर्माण भई विपन्न परिवारलाई हस्तान्तरण गरिएको छ भने थप १४३ घर निर्माणाधीन अवस्थामा रहेका छन।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत कनकाई बिरिङ्ग नदीका जोखिमयुक्त क्षेत्रहरुमा नदी नियन्त्रणको कार्यबाट जोखिम न्युनिकरण गरिएको छ।
- १० लाख भन्दा माथिका भौतिक योजनाहरु मध्ये केही योजनाहरु बोलपत्रका माध्यमबाट सम्पन्न गर्ने कार्यको सुरुवात भएको छ।
- भौतिक पूर्वाधार निर्माणका क्रममा स्थानीय साधन, स्रोत र जनशक्तिलाई प्राथमिकता दिई योजनाहरु सञ्चालनका लागि प्रोत्साहन गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ।
- योजनाको लागत स्टिमेट नेपाली भाषामा समेत गर्ने कार्यको सुरुवात गरिएको छ।
- अन्तरपालिका र अन्तर जिल्ला जोड्ने रणनीतिक सडकहरुलाई संघ, प्रदेश र अन्य सम्बद्द निकायहरुसँग समन्वय गरी कार्यक्रमहरु कार्यान्वयन गरिदै लगिएको छ।
- नगरपालिकाको निर्माणाधीन प्रशासनिक भवनको निर्माण कार्य सम्पन्नताको अन्तिम चरणमा रहेको छ।

**ख) सामाजिक विकास तर्फको उपलब्धिहरु**

**१) शिक्षा,युवा तथा खेलकुद तर्फ**

- कोभिड १९ को कारणले भौतिक रुपमा विद्यार्थी उपस्थित गराई पूर्णरुपमा विद्यालय सञ्चालन हुन नसकेको सन्दर्भमा सञ्चार प्रविधिको माध्यमलाई बैकल्पिक सिकाइको रुपमा प्रयोग गरी आंशिक रुपमा अध्यापन गराइएको छ।
- बैकल्पिक सिकाईको लागि कक्षागत तथा विषयगत सिकाई सामग्री निर्माण गरी बिध्यार्थीको सिकाईलाई निरन्तरता दिईएको छ।
- वाल विकास कार्यक्रमको प्रभावकारिता वृद्दी गर्न बाल सिकाई सामग्रीको व्यबस्था तथा वाल शिक्षक र विद्यालय कर्मचारीलाई निरन्तर प्रोत्साहन गरिएको छ।
- कनकाई पोलिटेक्निक ईन्टिच्युटलाई शैक्षीक प्रवर्धनको लागि अनुदान उपलब्ध गराईएको छ।
- स्थानीय आवश्यकतालाई समेटी कनकाई ज्ञानमाला नामक स्थानीय पाठ्यक्रम बिकास गरी कक्षा १ देखि ८ सम्म प्रयोगमा ल्याईएको छ।
- सामुदायिक माध्यमिक विध्यालयमा अध्ययनरत बालबालिकाहरुलाई उनीहरुको भावी जीवनमा आवश्यक पर्ने पेशा तथा बृत्ति सम्बन्धी परामर्श प्रदान गरिदै आएको छ।
- सामुदायिक बिध्यालयहरुमा फूलवारी, खानेपानी तथा सरसफाईको उचित व्यवस्थापन गरिएको छ साथै विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलापहरु प्रभावकारी रुपमा सञ्चालन गरिएको छ।
- विविध कार्यक्रम मार्फत नगरमा रहेका बेरोजगार युवाहरुलाई छोटो समयको लागि रोजगारमा आवद्ध गरिएको छ।
- नगर खेलकुद विकास समिति मार्फत सिफारिस भई आएका खेलकुद सम्बन्धी क्रियाकलाप तथा कार्यक्रमहरु सबै वडाहरुमा कार्यान्वयन गरिएको छ ।

२) **स्वास्थ्य क्षेत्र तर्फको उपलब्धिः**

- कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि ८ स्थानमा क्वारेन्टायन र १ स्थानमा २० बेडको आईसोलेसन सेन्टर स्थापना गरी संक्रमण नियन्त्रण तथा व्यवस्थापनको प्रयास गरिएको छ ।
- कोभिड १९ का कारणले विपन्न तथा निम्न आय भएका वर्गहरुलाई राहत उपलब्ध गराइएको छ।
- कोभिड १९ को नयाँ तथा पुरानो भेरियन्टबाट सुरक्षित रुपमा स्वास्थ्य मापदण्ड परिपालना गर्न विभिन्न संचार माध्यमहरुबाट समेत निरन्तर प्रचार प्रसारका कार्यक्रमहरु गरिएको छ।
- प्रस्तावित नगर अस्पताल, सुरुङ्गामा ईमरजेन्सी सेवा, आँखा जाँच, ल्याब तथा एक्सरे सेवाको सञ्चालन गरिएको छ।
- कोभिड १९ का संक्रमित बिरामीहरुको लागि २ वटा निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएको छ ।
- विषय विज्ञ सहितका २० जना भन्दा बढी चिकित्सकहरुको सेवाबाट ३ दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।
- प्रजनन स्वास्थ्य समेतका न्यूनतम स्वास्थ्य सेवाहरु आधारभूत स्वास्थ्य केन्द्र मार्फत सञ्चालन गरिएको साथै बालबालिकाको लागि भिटामिन ए तथा पोषणका कार्यक्रमहरु निरन्तर संचालनमा रहेकोछ।
- स्वास्थकर्मी तथा महिला स्वास्थ्य स्वयम सेविकाहरुको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गरिएको छ।

- आर्युवेद चिकित्सा प्रणालीको सुरुवातका लागि जिल्ला आर्युवेद झापासँग सम्झौता गरि नगरको दुर्गापुरमा नागरिक आरोग्य आयुर्वेद सेवा केन्द्रको स्थापना भएको छ।
- विपन्न परिवारहरुका लागि स्वास्थ्य बिमा कार्यक्रमको लागि बिमा प्रिमियमको अनुदान कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ।

### ३) महिला, वालवालिका, जेष्ठ नागरिक, अपाङ्ग तथा लक्षित वर्ग तर्फ

- विपन्न तथा एकल महिलालाई सिप तथा क्षमता अभिबृद्दीका लागि कृषि, उद्योग र व्यापारमा प्रोत्साहित गर्ने कार्यक्रमहरु सञ्चालन भएको छ।
- लैङ्गिक हिंसा तथा मानव बेचविखनमुक्त नगरपालिका बनाउने क्रममा बिभिन्न छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन भएको छ।
- सुत्केरी महिलाहरुको लागि सुरक्षित मातृत्वको लागि सञ्चलनमा ल्याईएको उपमेयर सुत्केरी पोषण कार्यक्रमलाई निरन्तर सञ्चालन गरिएको छ।
- लक्षित वर्गका नागरिकहरुका लागि सामाजिक सुरक्षाका कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गरिएको छ।
- वालमैत्री नगरपालिका घोषणाका लागि चरणबद्ध रुपमा कार्यक्रमहरु सञ्चालन भईरहेको र सोका लागि वाल कल्याण अधिकारी तोकिएको छ।
- जेष्ठ एवम् अपाङ्ग नागरिक तथा लक्षित वर्गहरुको लागि स्वास्थ्य सम्बन्धि चेतनामूलक कार्यक्रमहरुनिरन्तर सञ्चालन गरिएको छ।
- वालवालिकाको निरन्तर विकासको लागि नगरमा वाल शाखाको गठन तथा नगरका वाल सञ्जाल र वाल क्लबहरुलाई परिचालन गरिएको छ।

### ४. खानेपानी तथा सरसफाई तर्फको उपलब्धि

- नगर क्षेत्र भित्र उत्सर्जित हुने फोहोरमैलालाई वर्गिकरण गरि कुहिने फोहोरबाट आय आर्जन गर्न योजनाको रुपमा रहेको कनकाई बिर्ता अर्जुन नविकरणिय उर्जाको फोहरमैलाबाट बायोग्यास निकाली पाइपलाइन मार्फत ग्यास वितरण गरीने व्यवस्था  बिधिवत रुपमा थालनी भएको छ।
- सरसफाई सम्बन्धि कार्यक्रमलाई निरन्तरता दिईएको तथा प्लाष्टिकको झोला प्रयोगमा क्रमश न्युनिकरण गरि पूर्ण निषेधित नगर घोषणा गर्नका लागि अनौपचारिक कार्यक्रमहरु अगाडी बढेको छ।
- विभिन्न खानेपानीसँग सम्बद्ध संघ संस्थाको सहयोग तथा साझेदारीमा शुद्द खानेपानी वितरणको विस्तारको कार्य भएको छ।
- पूर्ण सरसफाई र स्वस्थ्य नगरको अवधारणालाई मुर्त रुप दिन विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय भएको छ।

### ग) वन, वातावरण, विपद व्यवस्थापन तथा पर्यटन क्षेत्रतर्फको उपलब्धि

- वातारणमा प्रतिकुल प्रभाव नपर्ने/नहुने गरि कनकाई/बिर्ता/अर्जुन वायोग्यास प्लान्टबाट उत्पादन हुने ग्यास पाईपलाईनबाट वितरण कार्यको प्रक्रिया अघि बढाईएको छ।

- नगर भित्र रहेकना विभिन्न धार्मिक स्थल, सांस्कृतिक केन्द्र तथा पर्यटकिय स्थल/क्षेत्रहरुको संरक्षण, प्रर्वद्धन र उन्नयनका लागि प्राथमिकतामा राखि योजनाबद्ध रुपमा कार्यहरु भएको छ।
- कनकाई, बिरिङ्ग, सुरुङ्गा, सन्काहा लगायतका नदि तथा खोलाहरुबाट बर्षेनी हुने भौतिक तथा मानवीय क्षतिलाई न्युनिकरण गर्न प्रधानमन्त्री रोजगार तथा विपद व्यवस्थापन कार्यक्रम मार्फत स्थानिय स्रोत साधन सिप तथा जनशक्तीहरुको अधिकतम उपयोग गरि जोखिम न्युनिकरण गरिएको छ।

## घ) सुशासन तथा संस्थागत विकास तर्फ प्राप्त उपलब्धिहरु

- नगर कार्यपालिका र वडा कार्यालयको सेवा प्रवाहलाई प्रविधिमैत्री तथा व्यवस्थित गर्न ईन्टरनेट, सर्भर तथा अन्य प्राविधिक तथा भौतिक सामग्रीहरुको व्यवस्थापन गरिएको छ।
- मेलमिलाप तथा छलफलको माध्यमबाट न्यायीक निरुपण गरि सामाजिक सदभाव कायम गरिएको छ ।
- सेवा प्रवाहका लागि ५० प्रतिशत भन्दा बढीका कार्य अनलाईनमा आवद्ध गरिसकिएको छ ।
- नगरपालिकाको कार्यालयको सुरक्षा व्यवस्थालाई व्यवस्थित गर्न सि.सि. क्यामराहरुको थप व्यवस्थापन गरिएको छ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई प्रविधिमैत्री नगरपालिका बनाउने क्रममा सो सँग सम्बन्धित क्षमता विकासका लागि अभिमुखीकरण, गोष्ठी, तालिम जस्ता माध्यमहरुबाट प्रशिक्षित गरिदै लगिएको छ।
- नगर तथा वडामा रहेका पुराना तथा नियमित काम भई सम्पन्न भएका अभिलेखहरुलाई संग्रह/संकलन गर्ने र व्यवस्थित अभिलेख गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ नगरका शाखा तथा वडा कार्यालयहरुलाई व्यवस्थित गरिएको छ।
- Help Desk को व्यवस्थापन, सेवाग्राही मैत्री प्रविधिको उच्चतम प्रयोग, गुनासो सुनुवाई अधिकारी तोकिएको जस्ता कार्यहरु सम्पन्न तथा व्यवस्थापन भएका छ।
- स्थानीय तहलाई तोकिए बमोजिमको संगठन तथा व्यवस्थापन (O&M) बमोजिमको संरचना तथा दरबन्दी मिलानको कार्य सम्पन्न भएको छ।
- नगर क्षेत्रका विभिन्न स्थानहरुमा Free WIFI Zone स्थापना गरि सञ्चालनमा गरिएको र नगरका विभिन्न स्थानहरुलाई स्मार्ट चोकको रुपमा स्तरोन्नती गर्ने कार्यको सुरुवात भएको छ।
- नगरपालिकाबाट सम्पन्न हुने कार्यहरुलाई मितव्ययी, पारदर्शी र समन्वयात्मक रुपमा सेवा प्रवाह गर्न/गराउन सबै शाखाहरुलाई जिम्मेवारी बनाईएको छ।
- म.ले.प. को प्रतिवेदनबाट बेरुजु औंल्याईएका विषयवस्तुहरुलाई उच्च प्राथमिकतामा राखी बेरुजु फर्योटको कार्य गरिएको छ।
- सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम बिधिवत ढंगबाट खरिद तथा बिक्री सम्बन्धि कार्यहरु भएको छ।
- नगरपालिकाबाट हुने सबै प्रकारका भुक्तानीका कार्यहरु नेपाल सरकारले तोके बमोजिमको सुत्रमा आधारित बिद्युत्तिय प्रणाली प्रयोग गरिएको छ।
- Right Man, Right Place को अवधारणा अनुसार कर्मचारीहरुको व्यवस्थापन गरिएको छ। साथै शाखा प्रमुखहरुलाई नै आफ्नो शाखाको जिम्मेवारी सहित उत्तरदायी/जफावदेही बनाईएको छ।

- तोकिए अनुसारका अनुगमन समितिबाट योजना लगायतका कार्यहरुको नियमित अनुगमन गरिएको छ।
- बजेट तथा कार्यक्रमको प्रयोग सुत्रमा आधारित सफ्टवेयर प्रणालीबाट सञ्चालन गरिएको तथा दैनिक रुपमा हुने आम्दानी तथा खर्चको विवरण नियमित रुपमा उपलब्ध हुने व्यवस्था मिलाईएको छ।

**ङ) आर्थिक विकास सम्बन्धि उपलब्धिहरु**

**१)राजश्व परिचालन तर्फ**

- कर र राजश्वका दरहरुलाई थप व्यवस्थित र फराकिलो बनाईएको छ।
- सम्पत्ति कर र मालपोत तथा भुमि कर पुष मसान्त सम्म एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिईएको छ ।
- नगरपालिकाको स्वामित्वमा रहेका सटर, कोठा तथा घर भाडा एवं बहालकर एकमुष्ट बुझाएमा ५ प्रतिशत छुट दिने व्यवस्था दिईएको छ ।
- वार्षिक रुपमा लाग्ने सबै प्रकारको आन्तरिक बिक्रि ठेक्कामा तोकिएको रकम सम्झौताका वखत एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिईएको छ ।

**२) कृषि तथा पशुपालन तर्फ**

- नगर क्षेत्रका केही स्थानहरुलाई बिषादी रहित अर्गानिक खेती उन्मुख क्षेत्रका रुपमा कार्यक्रम अगाडी बढाईएको/घोषणा गरिएको साथै कृषि पकेट क्षेत्रहरुलाई निरन्तरता दिईनुका साथै थप क्षेत्रहरुको सम्बन्धमा वडाहरुमा सम्भाव्यता अध्ययन गरिएको छ।
- पशु बिमा कार्यलाई थप विस्तार गरि प्रभावकारी रुपमा अगाडी बढाईएको छ।
- कृषिमा आश्रित विपन्न परिवारलाई आर्थिक उन्नतीका लागि विभिन्न कृषि सामग्री तथा औजारहरु खरिदमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराईएको छ।
- बैदेशिक रोजगारबाट फर्किएका बेरोजगार युवा जनशक्तिहरुलाई कृषि उत्पादन बृद्दी गर्ने खालका विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईएको छ।
- भूमिगत सिचाईको रुपमा अनुदानमा बोरिङ्ग तथा आवश्यक सामग्री उपलब्ध गराईएको छ।
- नगरका सबै वडाहरुमा कृषि व्यवसायमा आत्मनिर्भर हुनका लागि प्रोत्साहन गरिएको छ।

**च) उद्योग, बाणिज्य, सहकारी तथा वित्तिय क्षेत्र तर्फ प्राप्त उपलब्धी**

- नगरमा संचालित उद्योग व्यवसायहरुलाई व्यवस्थित रुपमा संचालन गर्न अभिप्रेरित गरिएको छ ।
- नगर भित्र रहेका र खोलिने सहकारी संस्थाहरुको व्यवस्थित संचालनको लागि कनकाई नगरपालिकाको सहकारी ऐन, २०७८ आठौ नगर सभाबाट पारित भई कार्यान्वयनमा रहेको छ।
- गुणस्तरिय र स्वस्थ्य खाद्य पदार्थको विक्रि वितरण तथा बजार अनुगमनलाई प्रभावकारी/ निरन्तरता दिएको छ ।
- स्थानीय उद्योग बाणिज्य संघ तथा सम्बद्द संघ संस्थाहरुलाई मूल्य सुचि निर्धारण गरि अनिवार्य रुपमा तोकिएको स्थानमा मूल्य सूचि राख्न निर्देशन गरिएको छ।

**"समुन्नत सम्पदा दिगो पूर्वाधार, समृद्ध कनकाईको मूल आधार"** भन्ने नगरको नारालाई आत्मसाथ गरि अब म यहाँहरु समक्ष आगामी आ.ब. ०७८/७९ को क्षेत्रगत रुपमा नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

**क) भौतिक पूर्वाधार विकास नीति तथा कार्यक्रमः**

"हाम्रो विकास हाम्रो हात, सबै जुटौं एकै साथ" भन्ने नाराका साथ कनकाई नगरपालिकाको समग्र भौतिक पुर्वाधारमा विकासका लागि देहायको नीति तथा कार्यक्रम रहेको छ।

१. नगरपालिकाको पूर्वाधारहरूको निर्माण पूर्वाधार विकास गुरुयोजना बमोजिम गरिनेछ।

२. नगरपालिकाका क्रमागत योजनालाई निरन्तरता दिइनेछ ।

३. पूर्वाधार विकासमा अन्य सरकारी, गैह्र सरकारी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थाहरूसँग साझेदारी गर्ने नीति लिइनेछ ।

४. सडक कालो पत्रे गर्दा घना वस्ती र बजार क्षेत्रमा अनिवार्य रूपमा नाला निर्माण गर्ने र सम्बन्धित सडकको राइट अफ वे, सडकको नाम र विवरण जानकारी गराउन होर्डिङ बोर्ड सम्बन्धित सडकमा राख्ने व्यवस्था मिलाइने छ।

५. समपूरक कोष अन्तर्गत सञ्चालित नगर भित्रका सडकहरूलाई फराकिलो एवं व्यवस्थित सडकको रूपमा विस्तार गर्न नगरको सडक क्षेत्राधिकार भित्र कम्तिमा ६ मिटर वा सो भन्दामाथि चौडाइ भएका सडक कालोपत्रे गर्दा नगरपालिका र उपभोक्ता समिति बीचको लागत साझेदारी सघन सहरी क्षेत्रमा ७०-३०%, मध्यम सहरी क्षेत्रमा ८०-२०% र ग्रामीण क्षेत्रहरूमा ८५-१५% को साझेदारी गर्ने नीति अवलम्वन गरिने छ ।

६. सडकको नयाँ ट्र्याक खोल्ने कार्यमा नगरपालिकाको लगानीलाई निरुत्साहित गर्दै नगर क्षेत्र भित्रका सडकहरूको स्तर उन्नतिलाई पहिलो प्राथमिकता दिइने छ। राष्ट्रिय सहरी नीति कार्यान्वयनमा जोड दिइनेछ। नगरपालिका गठन हुनुभन्दा पहिले नै निर्माण भई सकेका भौतिक संरचनाहरू रहेको सहरी क्षेत्र जहाँ सडक विस्तार गर्दा बढी क्षति हुने क्षेत्रहरूमा २०० मिटर भन्दा कम लम्बाइ भएका सडकहरू ६ मिटर भन्दा कम चौडाइमा समेत साझेदारीमा लगानी गर्न बाधा पर्ने छैन।

७. नगरपालिकाभित्र पक्की सडक निर्माण गर्दा खानेपानीको पाइप पास गराउनका लागि प्रत्येक १००/१०० मिटरको दूरीमा क्रस पाइप बिछ्याउन लगाइने छ । साथै ढल बनाउन नसकिने स्थानमा पिच संरक्षण गर्न प्लमवाल लगाउने व्यवस्था मिलाइने छ ।

८. सडक निर्माण गर्दा सडकको दुवै छेउमा बिरुवाहरू रोपि सोको संरक्षण गर्न सम्बन्धित उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाईने छ ।

९. एक द्वार नीति अपनाई दोहोरो नपर्ने गरी योजनाको छनोट गरिनेछ ।

१०. नगर क्षेत्रभित्र आवश्यकता अनुसार बहुउद्देश्यीय भवन, सामुदायिक भवन निर्माणहरु गर्दै लगिनेछ ।

११. भू-उपयोग नीति कार्यान्वयन गरिने छ, साथै प्लटिङ व्यवस्थित गर्न मापदण्ड भन्दा बाहिरका प्लटिङ्गलाई स्वीकृति दिइने छैन । प्लटिङ्ग गर्नु पूर्व नगरपालिकाको पूर्व स्वीकृतिलिनुपर्ने छ ।

१२. विद्युत् प्राधिकरणको साझेदारीमा स्मार्ट बत्ती जडान कार्यलाई निरन्तरता दिईने छ।

१३. नगरलाई व्यवस्थित सहरको रूपमा विकास गर्न भवन निर्माण आचार संहिता तथा वस्ति विकास सम्बन्धी आधारभूत मापदण्डलाई कार्यान्वयन गरिने छ ।

१४. विपन्न जनताको आवासको हक प्रत्याभूत गर्न मेयर आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. निर्माण हुन बाँकी वडा कार्यालयहरू स्रोत सुनिश्चितताको आधारमा निर्माण गर्दै लगिने छ र त्यस्ता भवनहरू अपाङ्ग/बाल मैत्री हुनेछन्।

१६. नदी नियन्त्रण कार्यक्रमलाई विभिन्न निकायसँगको सहकार्यमा ग्रीन बेल्ट बाटो निर्माण कार्य अगाडि बढाइने छ ।

१७. कनकाई नगर क्षेत्र भित्र बन्द निषेधित क्षेत्रको पहिचान खुल्ने स्तम्भ राखिनेछ ।

१८. रु.१० लाख भन्दा माथिका योजनाहरू कार्यान्वयन गर्दा आवश्यकता र औचित्यका आधारमा इ-टेन्डरबाट गरिने नीति अवलम्बन गरिने छ ।

१९. उपभोक्तासँग लागत सहभागिता नगद वा श्रम बापत न्यूनतम ५% कायम गरिने छ साथै स्थानीय श्रोत तथा साधनको अधिकतम प्रयोगलाई प्राथमिकता दिइनेछ।

२०. नगरभित्र रहेका सार्वजनिक सडक/बाटोहरूको रेखाङ्कन गर्न बाटोको शुरु, मध्य, अन्त्य हुने एवं अन्य स्थानहरूमा आवश्यकता अनुसार निश्चित दूरीमा किल्ला गाडेर रेखाङ्कन गरिनेछ ।

२१. नगरभित्रका बजारहरूलाई ग्रीन सिटीको रूपमा विकास गर्न विभिन्न संघ संस्थाहरूसँग हातेमालो गरिनेछ।

२२. नदीजन्य सामाग्रीहरुमा आधारित स्थानीय नागरिकहरूको सहभागितामा उद्योग व्यवस्थापन गरी बजारीकरण समेत गरिनेछ ।

२३. नगर स्तरीय पूर्वाधार योजनाको हकमा ५ लाख र वडा स्तरीय योजना २ लाख भन्दा कम लागतको छानिने छैन ।

२४. सडक तथा संरचना सम्बन्धी पूर्वाधार मर्मत सम्भार गर्न वडामा एकमुस्टबढीमा रु.१० लाख रकम राख्ने व्यवस्था गरिनेछ ।

२५. अनिवार्य रूपमा नक्सा पास गरी नाला सहितको घर बनाउँनु पर्ने व्यवस्था गर्ने र विविध कारणले अभिलेखीकरण गर्न छुट भएका घरहरूलाई केही समय सम्मको लागि केही प्रतिशत राजस्व छुट गर्ने व्यवस्था मिलाइने छ।

२६. अन्तर पालिका एवं अन्तर जिल्ला जोड्ने रणनीतिक सडकहरूलाई प्राथमिकतामा राखी संघ,प्रदेश एवं अन्य निकायको समन्वयमा कार्यान्वयन गरिने छ ।जस्तै झापा गाउँ पालिका हुँदै इलामको शुक्रबारे, दानाबारी जोड्ने सडक आदि ।

**ख) सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम तर्फः**

**(अ) शिक्षा, युवा तथा खेलकुदः**

१. कोभिड १९ को नया भेरियन्ट समेतको महामारीको बीचमा सिकाई निरन्तरताका लागि वैकल्पिक व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।

२. कनकाई नगरपालिकालाई सीपमूलक वैज्ञानिक, व्यवहारिक एवं गुणस्तरीय शिक्षाको सुनिश्चितता गरी शैक्षिक गन्तव्यको रूपमा विकास गरिने छ।
३. शिक्षामा समतामूलक र न्यायोचित पहुँच वृद्धि गरी नगरको समृद्धिको आधार तयार गर्ने व्यवस्था मिलाईनेछ।
४. साक्षरता, निःशुल्क शिक्षा, सबैका लागि शिक्षा, शिक्षाका लागि भौतिक पूर्वाधार, शिक्षा व्यवस्थापनमा सुधार, शिक्षामा समावेशिता तथा विशेष आवश्यकता भएका वाल बालिकाको लागि शिक्षाको उचित व्यवस्था मिलाईनेछ।
५. वाल विकास कार्यक्रमको प्रभावकारितामा वृद्धि गर्न वालशिक्षक तथा विद्यालय कर्मचारी प्रोत्साहनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।
६. सामुदायिक विद्यालयमा कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुको लागि नगरपालिकाबाट पोसाक तथा दिवा खाजालाई निरन्तरता साथै बाल-बिकास विद्यार्थीहरूलाई ब्याग र खाजा बक्साको व्यवस्था गरिने छ ।
७. सामुदायिक विद्यालयहरूमा कक्षा ११ र १२ मा अध्ययनरत गरिब तथा जेहनदार विद्यार्थीहरूका लागि छात्रवृतिको व्यवस्थालाई निरन्तरता दिईने छ।
८. शिक्षामा प्रविधिको प्रयोग सुनिश्चितता गर्न प्रत्येक विद्यालयहरूमा स्मार्ट कक्षाको स्थापनालाई क्रमिक रुपमा बढाउदै लगिने छ।
९. प्रत्येक विद्यालयहरुमा सिकाई सामग्री तथा भौतिक विकासका साथै सुविधा सम्पन्न वाल विकास कक्षाका लागि आवश्यक फर्निचर समेतको व्यवस्थापन गरिदै लगिने छ।
१०. कक्षा ५ र ८ को अन्तिम परीक्षा नगरबाटनै सञ्चालन गरिने छ ।
११. सबै विद्यालयहरूमा नृत्य, गायन, खेलकुद, कम्प्युटर, अंग्रेजी शिक्षणमा सुधारका लागि घुम्ती शिक्षकको व्यवस्थापनलाई आवश्यकता अनुसार थप गर्दै लगिने छ।
१२. शैक्षिक गुणस्तर अभिवृद्दी गर्न विषयगत विज्ञको टोली बनाई सघन अनुगमन गरी पृष्ठपोषण लिइने छ। शिक्षक तथा विद्यार्थीहरूको शैक्षिक अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिइने छ।
१३. कनकाई पोलिटेक्निक इन्स्टिच्युटको व्यवस्थापनलाई प्रवर्धन गर्दै लगिने छ।
१४. नगरपालिका भित्रका सबै विद्यालयहरूलाई इन्ट्रानेटको पहुँच साथै सिसि टिभीको व्यवस्थापन गरी विद्यालयलाई सुरक्षित तथा विद्यालय नेतृत्वको भूमिका सबलीकरण साथै पठन पाठनमा प्रविधिको प्रयोग अभिवृद्दी गरिने छ ।
१५. शैक्षिक सुधारका निमित्त सम्बन्धित सरोकारवालाहरू बीच अपनत्व र संलग्नताको भावना सिर्जना गरिने विविध कार्यक्रमहरू सञ्चालनलाई निरन्तरता दिईनेछ।
१६. विद्यालयहरूलाई आवश्यकता तथा प्रस्तावनाका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराउदै लगिने छ।
१७. सामुदायिक विद्यालयहरूमा अध्ययनरत लक्षित वर्गका बालबालिकाहरूलाई दिईदै आएको छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइने छ।
१८. शैक्षिक सामाग्रीको प्रयोग र प्रभावकारितामा वृद्दी गर्न शैक्षिक सामाग्री निर्माण कार्यशाला सञ्चालन गरिनेछ।
१९. विद्यालयहरुमा संचालनमा रहेको फूलबारी, करेसाबारी, खानेपानी तथा सरसफाइको कार्यक्रमलाई आवश्यकताको आधारमा निरन्तरता दिईने छ।
२०. प्रत्येक विद्यालयमा प्राथमिक उपचार कक्ष तथा स्वास्थ सामाग्री व्यवस्थापन गरिने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिने छ।

२१. विद्यालयहरूमा आई पर्न सक्ने सम्भावित जोखिम व्यवस्थापन गर्न विपत् व्यवस्थापन सम्बन्धी चेतना मूलक तथा योजना निर्माण चरणका कार्यहरू अगाडी बढाउदै लगिनेछ।

२२. विद्यालयहरूमा आवश्यकताका आधारमा अंग्रेजी र नेपाली माध्यम सुधार कार्यक्रमलाई निरन्तरता दिइने छ।

२३. सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहनदार विद्यार्थीहरू मध्ये प्राविधिक शिक्षा अध्ययन गर्ने सहयोग कार्यक्रमलाई निरन्तरता दिइने छ।

२४. विद्यालयहरूमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप प्रभावकारी सञ्चालन गरिने छ।

२५. धार्मिक विद्यालयहरू जस्तैः मदरसा, गुरुकुल आदीको सञ्चालनमा प्रभावकारिता ल्याइने छ।

२६. शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि पुरस्कार र दण्डको व्यवस्थापनलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिनेछ।

२७. शिक्षकहरूलाई ICT तालिमको व्यवस्था गरिनेछ।

२८. खेलकुदको समग्र विकासमा ध्यान दिई विद्यालय र विद्यालय बाहिर खेलकुदका कार्यक्रमहरू सञ्चालन गरिनेछ साथै नगरपालिका भित्र एउटा सुविधा युक्त रङ्गशाला एवं कभर्ड हलको निर्माण गरी विधागत खेलकुद प्रशिक्षकको व्यवस्था क्रमिक रूपमा मिलाइनेछ ।

२९. युवाहरूलाई वर्तमान परिवेश अनुसारको चाहना प्रतिविम्वित हुने गरी युवा परिचालन गरिनेछ। संगठनात्मक गतिविधिका माध्यमबाट नगर विकास प्रक्रियामा उनीहरूलाई सहभागी गराइनेछ । रोजगारसँग युवालाई आबद्ध गर्न जोड दिइने छ।

३०. युवाहरूमा लगानी बढाई दक्ष जनशक्ति उत्पादनमा जोड दिइने छ । युवा स्वःरोजगार कार्यक्रम अन्तर्गत कुनै पेसा व्यवसाय सञ्चालन गर्न इच्छुक युवाहरूको समूह बनाई कम ब्याजदरमा निश्चित रकम उपलब्ध गराइने कार्यलाई व्यवस्थित गरिदै लगिनेछ।

**(आ) स्वास्थ्यः**

१. कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि आवश्यक प्रवर्द्धनात्मक र उपचारात्मक उपायहरू अवलम्बन गरिने छ।

२. कोभिड १९ का कारणले मृत्यु भएका व्यक्तिका परिवारलाई राहत सहयोग स्वरुप रु.२०,०००।-(अक्षरुपी वीस हजार) उपलब्ध गराईनेछ।

३. प्रस्तावित नगर अस्पतालमा अक्सीजन प्लान्ट स्थापना गरी संचालन गरीनेछ।

४. नगर भित्रका सबै स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न बनाउने स्वास्थ्य संस्थाहरूमा औजार, उपकरण, फर्निचर आदि व्यवस्थापन गर्दै लगिनेछ।

५. प्रस्तावित नगर अस्पताल, सुरुङ्गालाई यसै वर्ष देखि विशेषज्ञ सेवा, निदान सेवा (USG/Lab Equipment )दन्त सेवा सुरु गरिनुका साथै आवश्यक उपकरण तथा सेवाको व्यवस्थापन गरिनेछ।

६. सबै स्वास्थ्य संस्थाको वातावरण स्वच्छ बनाउन फोहोर व्यवस्थापनको लागि इन्सिनेटर बनाउने साथै खानेपानी व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रम गर्दै लगिनेछ।

७. गर्भवती सुत्केरीको लगत राखी स्वास्थ्य प्रवर्धन गर्न फोन सेवा तथा होम-टु-होम भिजिट सेवा सुरु गर्दै लगिनेछ।

८. कनकाई नगरपालिका भित्र सुत्केरी गराउन निःशुल्क एम्बुलेन्स उपलब्ध गराउने नीति लिइएको छ ।

९. दुई वर्ष मुनीका सम्पूर्ण बालबालिकाको वृद्दी अनुगमन गरी कुपोषितलाई स्वास्थ्य बनाउन कार्यक्रम सञ्चालन ।

१०. विद्यालय स्वास्थ्य कार्यक्रम सम्पूर्ण सरकारी तथा निजी विद्यालयमा अनिवार्य गर्दै लगिने छ।

११. महामारी जन्य रोगहरू जस्तै कोरोना, डेङ्गु लगायतका सरुवा रोगहरू रोकथाम तथा नियन्त्रणका कार्यक्रम र विपद् व्यवस्थापन पूर्व तयारी कार्यक्रम सञ्चालन गर्दै लगिनेछ।

१२. ज्येष्ठ नागरिकलाई स्वास्थ्य सामाग्री (चस्मा/छाता आदि) वितरण तथा स्वास्थ्य जाँच कार्यक्रम सञ्चालन गरिनेछ।

१३. नसर्ने रोग लाग्न नदिन जीवन शैली प्रवर्धन कार्यक्रम सञ्चालन गर्दै लगिनेछ।

१४. विद्यालयहरूमा वातावरण सरसफाइ, खानेपानी तथा लागू पदार्थ सम्बन्धी सरोकारवालाहरुसँगको समन्वयमा विभिन्न क्रियाकलाप संचालन गरिने छ।

१५. प्रजनन स्वास्थ्य, आमा समूह तथा सुरक्षित गर्भपतन सम्बन्धी समुदाय, महिला समूह, किशोर किशोरीहरूलाई सचेतना मूलक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१६. सर्ने तथा नसर्ने रोगहरूको पहिचान गर्न आँखा, नाक, कान सम्बन्धी विशेषज्ञ सहितको शिविर सञ्चालन गरिने छ।

१७. क्षयरोग, कुष्ठरोग, औलो, कालाज्वर लगायतका सरुवा रोगलाई नियन्त्रण गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्दै लागिनेछ।

१८. सुरक्षित गर्भपतन तथा आमा सुरक्षा कार्यक्रम व्यवस्थित गर्न अन्य निजी तथा सरकारी निकायसँग सहकार्य गरिने छ।

१९. महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्दी गरी आवश्यक प्रोत्साहन सहित उनीहरूको सेवालाई गुणस्तरीय बनाइने छ।

२०. आयुर्वेद चिकित्सा प्रणालीको क्रमबद्ध रूपमा विकास गरिनेछ। होमियोप्याथी, युनानी तथा अन्य पूरक चिकित्सा प्रणालीहरूको संरक्षण, विकास एवं विस्तारका लागि दीर्घकालीन योजना निर्माण गरी क्रमशः लागू गरिनेछ।

२१. हरेक स्वास्थ्य संस्थाहरूमा निःशुल्क वितरण हुने अत्यावश्यक औषधिको प्रकार तथा संख्या क्रमशः वृद्दी गर्दै र वितरण भए नभएको नियमित अनुगमन गरिने कार्यलाई निरन्तरता दिइने छ।

२२. यस कनकाई नगरपालिका क्षेत्रभित्रका नियम अनुसार प्रक्रिया पुरा गरी दर्ता भएका निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको सघन अनुगमन गर्ने कार्यलाई नियमितता दिइने छ।

२३. योगको माध्यमले शारीरिक तथा मानसिक स्वास्थ्य सुदृढ गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

२४. नगरलाई कोभिड १९ महामारी मुक्त नगर बनाउन नगरको पहिलो प्राथमिकता रहनेछ। यसका लागि प्रवर्द्धनात्मक र उपचारात्मक दुवै विधिको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२५. विश्वेश्वरप्रसाद कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान लगायतका स्वास्थ संस्थाहरुसँग सहकार्य गरी क्यान्सर रोग सम्बन्धी उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

२६. महिलाहरूको पाठेघर सम्बन्धी परीक्षण तथा उपचारको व्यवस्था मिलाइनेछ ।

२७. स्वास्थ्यकर्मीहरूको अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

२८. बिभिन्न संघ संस्थाहरूको साझेदारी र सहभागितामा स्वास्थ्य सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

**(इ) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग तथा लक्षित वर्ग तर्फः**

१. विपन्न तथा एकल महिलाहरूको व्यक्तित्व विकाससाथै सीप र क्षमता अभिवृद्दी गर्दै घरेलु उद्योग, कृषि र व्यापार व्यवसायमा प्रोत्साहित गर्न कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।
२. लैङ्गिक हिंसा न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ । सम्बन्धित सरोकारवाला निकायहरूको सहयोगमा लैङ्गिक हिंसामुक्त नगरपालिका बनाउने अभियान संचालन गरिनेछ।
३. हाल सञ्चालनमा रहेको उप मेयर सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिई थप प्रभावकारी बनाउदै लगिने छ।
४. महिलाहरूलाई समिति तथा समूहस्तरमा विस्तार गरी सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिदै लगिनेछ।
५. किशोरीहरूलाई सक्षम नागरिकको रूपमा विकास गर्न किशोरी शिक्षाका कार्यक्रमहरू सञ्चालन तथा प्रवर्द्धनमा जोड दिईने छ।
६. लक्षित वर्गको लागि सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याइने छ ।
७. मानव बेचविखन तथा घरेलु हिंसालाई निरूत्साहित गर्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ । साथै हिंसा पीडित महिलाहरूको पहिचान गरी जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालनमा ल्याई स्वनिर्भरतामा जोड दिइने छ ।
८. ज्येष्ठ नागरिक घुम्ती स्वास्थ्य परीक्षण, जेष्ठ नागरिक दिवा सेवा केन्द्र, बाल मैत्री स्थानीय शासन, ज्येष्ठ नागरिक सम्मान तथा आदिवासी, जनजाति, दलित, अपाङ्ग, एकल महिला र अल्पसंख्यकहरुका लागि सञ्चालित कार्यक्रमलाई निरन्तरता दिइने छ।
९. ज्येष्ठ नागरिक र पुर्ण अपाङ्गहरूको लागि सञ्चालित निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई विस्तार गरी नगर क्षेत्र भित्रका अति अशक्त, विपन्न तथा कडा रोग लागेका व्यक्तिहरूलाई पनि यस कार्यक्रममा समेट्दै निजहरूको सामाजिक सुरक्षालाई निरन्तरता दिईने छ ।
१०. महिलाहरूको स्वास्थ्यसँग सम्बन्धित विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न महिलाहरूको स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिइने छ।
११. वाल बालिकाहरूको कार्यक्रममा वाल सञ्जाल तथा वाल क्लबहरुलाई सक्रिय रूपमा सहभागी गराइनेछ ।
१२. असहाय, विपन्न नागरिकहरुलाई खाध्य सुरक्षा र निर्वाहको लागि कार्यविधि बनाई सहयोगको व्यवस्था मिलाउदै लगिनेछ।

## ग) वन, वातावरण, विपद् व्यबस्थापन तथा पर्यटन नीति तथा कार्यक्रम तर्फः

### १. खानेपानी तथा सरसफाइः

१. फोहोरलाई चार भागमा वर्गीकरण गरी व्यबस्थापन गर्ने कार्यक्रम र सार्वजनिक नीजि साझेदारीमा बायोग्याँस प्लान्ट निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ । कुहिने फोहोरलाई आय-आर्जनको स्रोतको रुपमा विकास गरिने छ । बायोग्याँस प्लान्टबाट उत्पादित ग्याँस पाइपलाइन मार्फत बिस्तार गरी घर-घरमा वितरण गर्ने कार्यको शुरुवात गरिनेछ।

२. सरसफाई अभियान कार्यक्रमलाई निरन्तरता दिइने छ । फोहोरको दीगो व्यबस्थापनका लागि सार्वजनिक-नीजि अवधारणा अवलम्बन गरिने छ । थप सार्वजनिक शौचालयको निर्माण गरी तिनको उचित व्यबस्थापनको जिम्मा स्थानीय संघ-संस्था वा समितिलाई प्रदान गरिने कार्यलाई निरन्तरता दिइने छ ।

३. ४० माइक्रोन भन्दा पातला प्लाष्टिक झोला प्रयोगमा पूर्ण निषेध गरिने छ । प्लाष्टिक जन्य सामग्रीको उचित व्यबस्थापनका लागि जनचेतना अभिबृध्दि गरिनुको साथै उपर्युक्त प्रविधिको प्रयोग गरिने छ ।

४. शुध्द खानेपानी नगरवासीलाई उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइने छ । आगामी दुई बर्ष भित्र नगरका सबै घर परिवारमा स्वच्छ पिउने पानी उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईने छ ।

५. फोहोर व्यबस्थानका कार्यमा खटिएका जनशक्तिलाई आवश्यक तालिम व्यबस्था मिलाईने छ।

## २. वन, वातावरण तथा पर्यटनः

१. धुँवा रहित चुलो निर्माण र गोवरग्याँस प्रयोगमा नगरवासीलाई प्रोत्साहनका कार्यक्रम लागू गरिने छ ।

२. धार्मिक-सांस्कृतिक तथा पर्या-पर्यटनको प्रचुर सम्भावना रहेको हुँदा एकिकृत पर्यटन बिकास गुरू योजना तथा डिपिआर तयार गरी सो अनुरुप सरोकारवालाहरुको सहकार्यमा पर्यटन बिकासका विविध योजनाहरु कार्यान्वयनमा ल्याउने कार्यलाई निरन्तरता दिइने छ । जामुनखाडी स्थित चिडियाखानालाई सरोकारवालाहरुको सहयोगमा प्रदेश स्तरीय चिडियाखानाको रुपमा विकास गर्न प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ ।

३. होम स्टे प्रबर्दन, कोच राजबंशी संग्राहलय, पवित्र कनकाई नदी तट, नगरका बिभिन्न पिकनिक स्पट, सिमसार, ताल-तलैया, वन बाटिका, सामुदायिक वन, धनुषकोटी धाम, कोटिहोम (आर्यघाट समेत), झण्डिचुली पदमार्ग, जगन पाण्डे दरवार लगायतका पर्यटक आकर्षित गर्ने स्थलहरुको स्तरबृध्दि गरी प्रबर्धनात्मक कार्यलाई उच्च प्राथमिकता दिइने छ । यी क्षेत्रहरुको महत्व झल्कने गरी बृत्त-चित्र निर्माण गरी देश-विदेशमा प्रचार-प्रसार गरिने छ।

४. वन क्षेत्रमा फायरलाईनका लागि आवश्यक ठाँउमा बाटो निर्माण तथा कार्वन डाइअक्साइड सिलिन्डर बितरण कार्यलाई निरन्तरता दिइने छ ।

५. एक घर दुई बिरुवा, नगरका बाटाको दुवै तर्फ मझौला कदका विरुवा रोपण, नदी किनारामा ग्रीन बेल्ट निर्माण, स्मृति वाटिका निर्माण,नदी उकास क्षेत्र, खाली तथा खुल्ला स्थानमा बृक्षारोपणका कार्यक्रमलाई निरन्तरता दिइने छ। औषधीजन्य बिरुवा रोपण र संरक्षणमा बिशेष ध्यान दिइने छ ।

६. मुलुकको आन्तरिक पर्यटनलाई प्रवर्धन गर्ने संघ तथा प्रदेश सरकारको नीति बमोजिम स्थानिय तहमा कार्यरत कर्मचारीहरुलाई १० दिन बराबरको रकम सुविधा सहितको अन्तरपालिका तथा अन्तर प्रदेशको पर्यटनका लागि पर्यटन काज उपलब्ध गराईने छ।

७. प्राकृतिक स्रोतबाट प्राप्त आम्दानी सोही क्षेत्रको विकासमा खर्च गर्ने अभ्यासलाई निरन्तरता दिईको छ ।

## ३. विपद् व्यबस्थापनः

१. सम्भावित आगलागी नियन्त्रण गर्न सडक किनारामा प्रत्येक सय मिटरमा रहने गरी नगरका सघन क्षेत्रबाट ट्युवेल जडान गर्ने कार्यको शुरुवात गरिने छ ।

२. भू-क्षय तथा पहिरो रोकथामका लागि भेटिवर, अम्लिसो, बाबियो, बाँस लगायतका बिरुवा चुरे तथा नदी किनारामा लगाइने छ ।

३. खाध्य तथा अखाध्य बस्तुमा अत्याधिक रासायनिक बिषादी प्रयोगलाई निरुत्साहित गर्दै लगिने छ । अर्गानिक प्रणालीबाट उत्पादन र सुरक्षणका बिधि र प्रकृया अवलम्बन गरिने छ।

४. नगरको जोखिम तथा सुरक्षित क्षेत्रको नक्सांकन गरिने छ । जोखिम क्षेत्रमा बसोबास गर्ने मानिसको तत्थ्याङ्क (अभिलेख) संकलन कार्यलाई अध्याबधिक गरिनेछ । बाढी सूचना प्रणाली तथा तत्काल उद्धार र राहतका लागि प्रत्येक वडामा उद्धार टोली गठन गरी तिनको लागि आवश्यक तालिमको व्यबस्थाका साथ उनीहरुको आवश्यक विवरण सहित सूचिकरण गरिने छ।

५. नदी जन्य पदार्थको अनियन्त्रित रुपमा हुने उत्खनन तथा अन्य प्राकृतिक स्रोतको अत्याधिक दोहनलाई नियन्त्रण गर्न अनुगमन र सुपरिबेक्षणलाई थप प्रभावकारी बनाइने छ ।

६. नगरको आपतकालीन सूचना केन्द्रलाई थप व्यबस्थित गरिने छ । कोभिड लगायतका नयाँ महामारी समेतलाई हृययंगम गरी विपद् कोषमा थप रकमको व्यबस्था गरिने छ ।

## घ) सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तर्फः

१. बढ्दो महामारी समेतलाई मध्यनजर गर्दै वडा तथा नगरपालिकावाट गरिने सिफारिसहरुलाई स्वचालित प्रविधिको प्रयोग गरी सेवाग्राहीले आफ्नो इमेलमा नै प्राप्त गर्न सक्ने गरी सेवा संचालनको ब्यबस्था गर्दै लगिनेछ। उक्त कार्यका लागि अफिस अटोमेसन तथा इ-पेमेन्टको प्रयोग गरिनेछ। कागजको कम प्रयोगयुक्त संगठनको अवधारणालाई आत्मसाथ गर्दै नगरपालिका तथा वडावाट हुने अन्य सेवालाई प्राथमिकताको आधारमा अनलाइनमा लगिने छ। सूचना प्रविधिको प्रयोग तथा इन्ट्रानेटको व्यवस्थापनको लागि आवश्यक उपकरण खरिद तथा जडान र संचालनको व्यवस्था मिलाईनेछ।

२. विद्युतीय भुक्तानी प्रणालीको प्रयोगलाई अनिवार्य गर्दै कर्मचारी तथा पदाधिकारीहरुले प्राप्त गर्ने तलब भत्ता तथा सेवा सुविधा वापत कट्टीहुने करको रकमलाई निजको पान(PAN) खातामा अनिवार्य प्रविष्ट गर्ने व्यवस्था मिलाइने छ। अन्य योजना तथा कार्यक्रममा समेत इ-टिडियस प्रणालीको प्रयोग गर्दै लगिनेछ।

३. न्यायीक समितिमा दर्ता हुने सवै विवाद तथा उजुरीहरुको निर्णयमा सरोकारवालाहरुलाई सहभागी गराई छलफल, मेलमिलाप तथा कानूनी प्रकृयाबाट छिटो छरितो एवं महसुस हुने गरी न्यायिक निर्णय गरिने छ ।

४. सम्पूर्ण वडा तथा नगरपालिकाको थप सुरक्षालाई व्यवस्थित गर्न सवै वडा कार्यालयमा आवश्यक मात्रामा सि सि क्यामरा जडान गर्ने कार्यलाई अगाडी बढाईनेछ।

५. जनप्रतिनिधि र कर्मचारीलाई प्रविधि मैत्री बनाउन र अनिवार्य रुपमा इमेलको प्रयोग गर्ने नीतिलाई अगाडि बढाई कम्प्युटर तथा प्रविधिमा अव्वल बनाउन तालिम तथा प्रशिक्षण संचालन गरिने छ । साथै उनीहरुको क्षमता विकासको लागि अभिमुखीकरण, गोष्ठी, तालिम तथा अवलोकन भ्रमण लगायत कार्यक्रम सञ्चालन गरिनेछ।

६. "पुराना अभिलेख हाम्रा सम्पत्ति हुन् यसलाई हामीले नै उचित व्यवस्थापन गर्नु पर्छ" भन्ने नारालाई अघि सार्दै ऐन कानुन नियमावली, कार्यविधि, निर्देशिका, सूचनाहरु संकलन गर्ने, संग्रह गर्ने, प्रकाशन गर्ने तथा अभिलेख राख्ने कार्य व्यवस्थित गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

७. नगरपालिकामा स्थायी तथा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई आ.व. २०७८-७९ वाट कार्यविधी बनाई सामाजिक सुरक्षाकोषमा सहभागी गराईनेछ।करारका कर्मचारीहरुको लागि जोडकोषको स्थापना गरिनेछ निजहरुले प्राप्त गर्ने अन्य सुविधाहरुको समेत व्यवस्थापन गर्न कार्यविधी निर्माण गरि लागु गरिनेछ।

८. क्षमता विकास योजना (CDC Plan) निर्माण गरी कार्यान्वयन गरिने ।

९. नगरपालिका कार्यालय लगायत अन्य स्थानमा फ्रि वाइफाइ जोन स्थापनालाई निरन्तरता दिइने छ। साथै सुरुंगा चोक लक्ष्मीपुर, घैलाडुब्बा, चम्पापुर, दुर्गापुर र कोटिहोम क्षेत्रलाई स्मार्ट चोकको रुपमा विकास गरिने छ। उक्त प्रविधिको सम्बन्धमा जनसमुदायको जानकारीका लागि प्रचार-प्रसार गरिने छ।

१०. कुनै पनि योजना सम्झौता हुनु भन्दा अगाडी काम सुरु भएमा त्यस्ता किसिमको कामको लागि भुक्तानी गरिनेछैन। सम्झौतामा उल्लेख भए बमोजिमको समय तालिकाको पूर्ण कार्यन्वयन गरिनेछ।

११.नगरपालिकाको काम कारवाहीहरु कार्यान्वयनमा पारदर्शिता, नियमितता प्रवर्धन गर्दै सहभागितामूलक तथा पूर्वानुमानयोग्य वनाउन सार्वजनिक सुनुवाइ, खर्च सार्वजनिकीकरण, सामाजिक लेखा परीक्षण आदि कार्यक्रमहरु सञ्चालनको लागि कार्यतालिका बनाई कार्यन्वयन गर्ने व्यवस्था मिलाइने छ।

१२. सबै सेवा प्रदायक संस्थाहरुमा सहायता कक्ष( Help Desk) ,सेवाग्राही सन्तुष्टि मापन फाराम, नागरिक वडापत्र, सुझाव पेटिका, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ।

१३. नगरपालिकावाट प्रवाह गरिने सेवालाई चुस्त दुरुस्त र जनमुखी बनाउन " इमान्दार कर्मचारी स्वच्छ प्रशासन" भन्ने नारालाई व्यवहारमा लागु गर्दै कर्मचारीहरुलाई काम प्रति अभिप्रेरित गराई मनोवल उच्च राख्न विशेष प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४. कर्मचारी संगठन संरचना (O & M) र दरबन्दीलाई पुनरावलोकन गरी आवश्यक कर्मचारीको व्यवस्था गरिनेछ। प्रचलित कानुन बमोजिम स्थायी पदपुर्ति नभए सम्म अस्थायी, करार, ज्यालदारी कर्मचारी तथा स्वंयमसेवकहरुलाई आवश्यक्ता तथा कार्यक्षमताको आधारमा निरन्तरता दिईनेछ।

१५. बेरुजु फछ्यौटमा तदारुकता अपनाई शुन्य सहनशिलताको नीतिलाई अवलम्वन गरिनेछ। पेस्की दिईएको अवस्थामा ३५ दिन भित्रमा अनिवार्य रुपमा पेस्की फछ्यौंट गर्नुपर्ने नीतिलाई कडाइका साथ पालना गरिनेछ।

१६. सार्वजनिक खरीद प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाउँदै लगिनेछ। विद्युतीय खरीद प्रणालीको प्रयोगलाई प्राथमिक्ताका साथ निरन्तरता दिईनेछ।

१७. वित्तिय तथा आर्थिक विवरणको मासिक तथा चौमासिक प्रतिवेदन, योजना तथा कार्यक्रमको चौमासिक प्रगति विवरण, प्रगति समिक्षा र आन्तरिक लेखा परिक्षणको चौमासिक तथा वार्षिक प्रतिवेदनहरु कानुनले तोके बमोजिम अनिवार्य रुपमा प्रकाशित गर्ने व्यवस्था मिलाईने छ।

१८. वडा कार्यालयहरुलाई अनिवार्य रुपमा आफ्नै वडामा कार्यालय स्थापना गरी सेवा प्रबाह गर्ने व्यवस्था गर्दै लगिनेछ।

१९. अनुगमन समितिहरु सक्रिय बनाई बजार अनुगमन, योजना तथा कार्यक्रम अनुगमनलाई तिव्रता दिईनेछ।

२०. नगरपालिकाको लगानिमा निर्माण हुने वृतचित्र, भिडियो, प्रकाशन, लेखन, सफलताका कथाहरु कार्यक्रम प्रसारणमा नगरपालिकाको स्वामित्व तथा प्रतिलिपी अधिकार रहने व्यवस्था मिलाईनेछ भने लेखक तथा निर्माणकर्तालाई रोयाल्टि उपलब्ध गराईनेछ।

२१. बजेट तथा कार्यक्रमहरु सूत्र सफ्टवेर प्रणाली मार्फत संचालन गरिनेछ।

२२. नगर क्षेत्र भित्र संचालनमा रहेका स्थानिय संचार माध्यम तथा संचार कर्मीहरुको संरक्षणमा विषेश जोड दिईनेछ।

**ङ) आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम तर्फः**

**(अ) राजश्व परिचालन**

१. नगरपालिकालाई समृद्ध बनाउन कर तथा राजस्वको दर भन्दा दायरालाई फराकिलो बनाउने नीति लिइएको छ। नगर क्षेत्र भित्र सङ्कलन गरिने नदी जन्य पदार्थ ढुवानी गर्ने सवारी साधनलाई नदी जन्य पदार्थ सङ्कलन क्षेत्रमा नै तोकिए बमोजिम पूर्वाधार विकास शुल्क लगाउने व्यवस्था मिलाइने छ ।

२. नगर क्षेत्र भित्र दर्ता भई सञ्चालनमा रहेका सवारी साधनहरूले वार्षिक सडक सुधार सवारी कर तिर्नुपर्ने व्यवस्था मिलाइने छ।

३. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्य योजना बनाई नगरपालिकामा पेश गर्नुपर्ने छ। वन पैदावार बिक्रीबाट प्राप्त रकम सङ्घीय ऐन अनुसार हुने गरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(ख) बमोजिम दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

४. पर्यटकीय क्षेत्र, पिकनिक क्षेत्र , सामुदायिक वनका पर्यटकीय क्षेत्रमा लिइने प्रवेश शुल्कमा पर्यटन वन वातावरण प्रवर्धन तथा संरक्षण शुल्क बापत पाँच प्रतिशत कर लगाइने छ। उक्त रकम सम्बन्धित निकायले चौमासिक रूपमा नगरपालिकामा बुझाउने व्यवस्था मिलाइएको छ।

५. सम्पत्ति कर र मालपोत तथा भूमि कर पुस मसान्त सम्म एकमुस्ट बुझाएमा दश प्रतिशत छुट दिने व्यवस्था मिलाइएको छ । आ.व. २०७७/०७८ मा बुझाउनु पर्ने मालपोत तथा भूमिकर आगामी पौष मसान्त सम्ममा बुझाउन सकिने व्यवस्था मिलाइएको छ।

६. नगरको विभिन्न क्षेत्रका डाटाहरू जस्तै घरभाडा, व्यवसाय उद्योग, विभिन्न सञ्जालहरूको आवश्यक डेटाबेस तयार गरिनेछ।

७. नगरपालिकालाई बुझाउनु पर्ने कोठा, सटर तथा घर भाडा र बहाल कर एकमुस्ट बुझाएमा पाँच प्रतिशत छुट दिइने व्यवस्था मिलाइएको छ। यस नगरपालिकावाट निर्माण भएका भवनको लकडाउनका कारण पुर्ण रूपमा व्यवसाय सञ्चालन हुन नसकेकाले १ महिनाको सटर भाडा छुटको व्यवस्था मिलाइएको छ।

८. नगरपालिकाबाट वार्षिक लाग्ने आय ठेक्कामा तोकिएको रकम एकमुस्ट बुझाएमा दश प्रतिशत छुटको व्यवस्थालाई निरन्तरता दिईएको छ।

**(आ) कृषि तथा पशुपालन**

१. नगर क्षेत्रलाई विषादी रहित तथा अर्गानिक खेती उन्मुख क्षेत्रको रूपमा विकास गरिने नीतिलाई निरन्तरता दिदै अर्गानिक प्रमाणीकरणको प्रकृया अघि बढाइने छ।

२. कृषि उत्पादनको विविधीकरण तथा विशिष्टीकरणको लागि कृषिजन्य बस्तुहरूको उत्पादन, सम्भाव्यता, अनुकूलता तथा हाल भइरहेको कृषिजन्य उत्पादन समेतलाई मध्यनजर राख्दै यस अघि घोषणा गरिएका कृषि पकेट क्षेत्रहरूको विकासलाई निरन्तरता दिइने छ । कृषि जन्य वस्तु उत्पादनको संभाव्यता अध्ययनको आधारमा क्रमशः थप अन्य कृषि पाकेटक्षेत्रहरू घोषणा गरिदैं लगिने छ।

- वडा नं ५ र ६ लाई मकै पाकेट क्षेत्र , वडा नं. ६ लाई माछा पकेट,
- वडा नं ३ र ७ लाई तरकारी खेती पाकेट क्षेत्र,
- वडा नं ४ को कनकाई टोल तथा वडा नं ३ र २ को सीमा क्षेत्रलाई मौरीपालन क्षेत्र ,
- वडा नं. १,२ र ४ लाई पशुपक्षी पालन र तरकारीपाकेट क्षेत्र,
- वडा नं. ८ लाई धान पाकेट क्षेत्र ,
- वडा नं. ९ लाई धान र माछा पाकेट क्षेत्रको रूपमा विकासलाई निरन्तरता दिईने छ।

३. कृषि तथा पशुपक्षी क्षेत्रमा आउन सक्ने जोखिमलाई न्यूनीकरण गर्न कृषि तथा पशुपंक्षी बिमा कार्यक्रमलाई थप विस्तार तथा प्रभावकारी बनाउदै लगिने छ।

४. खाने तेल, तरकारी, दुग्ध तथा मासुजन्य उत्पादन र खाध्यान बालीको बिउ उत्पादनमा नगर क्षेत्रलाई आत्मनिर्भर बनाइदै लगिने छ। उक्त बस्तुहरूको निकासी प्रवर्द्धन गर्न आवश्यक ब्यबस्था मिलाईने छ।

५. आफ्नो निजी जग्गालाई कृषि भूमिको रूपमा घोषणा गर्ने कृषकलाई सम्पत्ति कर, मालपोत तथा भूमि करमा लाग्ने करमा विशेष छुटको व्यबस्था मिलाईनेछ।

६. विपन्न तथा गरिब किसानहरूलाई ध्यानमा राखि कृषकहरुको लागत सहभागीतामा कृषि औजार तथा कृषि सामाग्रीहरू उपलब्ध गराउदै आईरहेको अनुदानलाई निरन्तरता दिईनेछ।

७. कोभिड १९ का कारण यस नगरमा श्रृजना भएको बढ्दो बेरोजगारलाई मध्य नजर गर्दै कृषि उत्पादन बढाउन युवा शक्तिलाई प्रोत्साहन गरिनेछ।

८. पशु स्वास्थ्य तथा कृषि सेवालाई कृषक सामु सहज रूपमा पुर्याउन आवश्यक व्यवस्था मिलाइने छ।

९. विपन्न नागरिकलाई नगर क्षेत्र भित्र कृषि (नगदे तथा खाद्यान) बाली उत्पादनको लागि जग्गा लिजमा लिई उपलब्ध गराई प्रोत्साहन गरिने छ ।

१०. भूमि सिँचाई तथा सतह सिँचाइलाई महत्वका साथ अघि बढाइने छ।

११. संघ तथा प्रदेशसँगको सहकार्यमा व्यवस्थित तरकारी बजार तथा पशु वध शालाको निर्माण गरिदै लगिनेछ।

१२.सिँचाई सुविधा, कृषि सडक, कृषि विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ । सिँचाई, सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको उपयोग गराइनेछ।

१३. कृषि प्रविधि प्रसारका कृयाकलापहरु सञ्चालन गरिनेछ साथै कृषि प्रसारमा सूचना प्रविधि तथा आम सञ्चार माध्यमको पनि उपयोग गरिनेछ ।

१४. बिभिन्न, कृषि अनुसन्धान कार्यहरू कृषि उत्पादन खाद्य तथा पोषण प्रविधि लगायतका), संकलन, ग्रेडिङ्ग, भण्डारण, प्रशोधन, प्याकिङ्ग आदीका क्षेत्र र गैरसरकारी क्षेत्र समेतको सहभागितामा कृषि अनुसन्धान तथा विकास प्रणालीको प्रवर्दन गरिनेछ ।

१५. कृषिमा आधारित स्वरोजगार कार्यक्रमहरु संचालन गरिनेछ। जसका लागि वित्तीय संस्थाहरु संग समन्वय गरेर कृषि ऋण परिचालनको निमित्त वित्तीय संस्थाहरुलाई सहजीकरण गरिनेछ ।

१६. खाध्य तथा पोषण सुरक्षाको सुनिस्चितताको लागि निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धी कृषि प्रणालीमा रुपान्तरित गरि दिगो कृषि बिकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने नीति अवलम्बन गरिनेछ।

१७. कृषिजन्य तथा पशुपालनमा अनुदानको दायरा बृद्धी गरि कृषि बस्तुको आयातलाई प्रतिस्थापन गर्दै युवा जनसक्तिलाई कृषि तथा पशुपालन कार्यमा आकर्षण गर्न निमित कृषि तथा पशुपन्छी जन्य उत्पादनको व्यवसायीकरण, बिबिधिकरण तथा गुणस्तरीय उत्पादनका लागि गुणस्तरीय उत्पादन सामाग्रीहरु, उन्नत प्रबिधिको प्रसार तथा वितरण गरिनेछ ।

१८. उत्कृष्ठ अगुवा कृषकहरुलाई पहिचान गरी कृषक सहयोग कार्यक्रमबाट पुरस्कृत गर्दै लगिनेछ।

## (इ) उद्योग, वाणिज्य, सहकारी तथा वित्तीय क्षेत्र सम्बन्धी नीति

१. विपन्न तथा गरिब नागरिकलाई औद्योगीकरणको माध्यमबाट आर्थिक अवस्थामा सुधार ल्याउन सर्वपक्षीय सहमतिको आधारमा औद्योगिक क्षेत्रको स्थापनाकोलागि आवश्यक पहल गरिने छ।

२. नगर क्षेत्र भित्र रहेका सम्पूर्ण प्रकारका सहकारीहरूको लगत लाई थप व्यवस्थित बनाउँदै विकास साझेदार निकायको रूपमा स्थापित गर्दै लगिने छ।

३. गुणस्तरीय खाद्यपदार्थको सुनिश्चितताको लागि बजार अनुगमन लाई तीव्रता दिई प्रभावकारी बनाइने छ। साथै उद्योग वाणिज्य सँघसँगको सहकार्यमा बजार अनुगमन गरी मूल्य सूची अनिवार्य रूपमा प्रत्येक पसलमा राख्नु पर्ने व्यवस्था प्रभावकारी कार्यान्वयनमा जोड दिईने छ ।

४. नगरवासीहरूको सर्वसुलभ वित्तीय पहुँच स्थापना गर्न प्रत्येक वडासम्म वित्तीय संस्थाहरूलाई विस्तार गर्न आवश्यक सहजिकरण गरिने छ ।

**सभाध्यक्षज्यू,**
**नगरसभा सदस्यहरु,**
अन्त्यमा,

कोभिड १९ को महामारीको चरम उत्कर्षको यस घडिमा आ.व. २०७८-७९ को लागी नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ। माथि उल्लेखित नीति तथा कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दायित्व तपाई हाम्रो काधमा रहनेछ। नगरबासीहरुको समग्र हितलाई अधीकतम प्रतिफल प्राप्त गर्ने लक्ष्यका साथ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका अधार र परिधि भित्र रही आर्थिक वर्ष २०७८-७९ को बजेट तथा कार्यक्रम तर्जुमा गरिने व्यहोरा यस गरिमामय नगरसभामा जानकारी गराउन चाहन्छु। नगरले आत्मसाथ गरेको नारालाई सार्थकता प्रदान गरीने नीति लिईनेछ। नगरको समग्र बिकास तथा कोभिड १९ को महामारी बिरुद्धको अभियानमा प्राप्त सहयोग तथा सद्भाव प्रति धन्यवाद दिन चाहान्छु। साथै नगर अस्पताल सुरुङ्गामा निर्माण गरिने अक्सिजन प्लान्टका लागी नगर तथा देश विदशमा रहनुभएका नगरिकहरु, विभिन्न राजनितिक दल एवं भातृ संगठनहरु, विभिन्न संघ संस्थाहरु, संचार माध्यम तथा संचारकर्मीहरु समेतबाट हाल सम्म प्राप्त आर्थिक सहयोगका लागि धन्यवाद दिदै थप आर्थिक सहयोग उपलब्ध हुने अपेक्षा गर्दछु। धन्यवाद ।

उपप्रमुख
मन्जु प्रसाई
मितिः २०७८।३।१०

# आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य

नगर सभाध्यक्षज्यू,
नगरसभा सदस्यज्यूहरू,
सम्पूर्ण कर्मचारी तथा सञ्चार कर्मीज्यूहरू ।

यस नवौं नगरसभामा यस नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को बजेट प्रस्तुत गर्न पाएकोमा मलाई हर्षको अनुभूति भएको छ। प्रथमतः गत वर्ष देखि नै महामारीको रूपमा फैलिएको कोभिड-१९ का कारण हालसम्म मृत्युवरण गर्नु भएका व्यक्तिहरू प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछु । साथै कोभिड १९ (नयाँ तथा पुरानो भेरियन्ट) का कारणबाट उपचाररत रहनु भएका सम्पूर्ण सङ्क्रमितहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु । देशलाई यो अवस्थासम्म ल्याइपु-याउन योगदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस नगरका सबै अग्रज राजनीतिक तथा सामाजिक व्यक्तित्वहरू प्रति हार्दिक श्रद्धा भाव प्रकट गर्न चाहन्छु।

हामी जीवन कै जटिल र चुनौतीपूर्ण परिस्थितिको सामना गर्दै कोभिड १९ को महामारीले आक्रान्त पारिरहेको यस क्षणमा नागरिकको जीवन रक्षा गर्न र सामाजिक तथा आर्थिक अवस्थालाई समेत गतिशील तुल्याउदै विकास निर्माणका कार्यहरुलाई निरन्तर रुपमा अगाडी बढाउने विश्वासका साथ आर्थिक वर्ष २०७८/७९ को लागि यस नगरपालिकाको नवौं नगरसभा समक्ष आय-व्यय (चाँलुगत र पुँजीगत) विवरण सार्वजनिक गर्न उपस्थित भएको छु ।

यसैगरी कोभिड १९ को महामारीको कारणले अघिल्लो आर्थिक वर्ष देखी नै नगरको विकास तथा समृद्धीको यात्रालाई प्रभावित पारेको ब्यहोरा प्रति यहाँहरु समेत साक्षातकार नै हुनुहुन्छ । जसको कारणले समयमा नै पूर्वाधार क्षेत्रको समग्र विकास, आर्थिक तथा सामाजिक विकास, शैक्षिक क्षेत्रमा समेत परेको प्रभाव यहाँहरुलाई समेत जानकारी भएको ब्यहोरा अनुरोध गर्दछु ।उक्त महामारीबाट धेरै नगरवासीहरुले रोजगारी गुमाएका छन् भने संक्रमणको रोकथाम, नियन्त्रण र उपचारको लागि भईरहेको प्रयासका बाबजुद पनि हालसम्म नगरका २० जना (४ महिला र १६ पुरुष) नागरिकले अकालमै ज्यान गुमाएका छन् भने ८१४ जना संक्रमित भईसकेको अवस्था छ । संकटको यस घडीमा नगरका नागरिकको जीवन रक्षा गर्ने सर्वोच्च लक्ष्यलाई प्राथमिकतामा राखी स्वास्थ्य मापदण्डलाई पूर्ण परिपालन गर्दै आर्थिक गतिविधीलाई निरन्तरता दिदै अगाडी बढने प्रतिवद्धता व्यक्त गर्दछु ।

नगरको समग्र क्षेत्रको विकास निर्माणका साथै आर्थिक र सामाजिक न्याय समेतका क्षेत्रहरुमा उल्लेखनीय सफलता प्राप्त गरेका छौं । सम्पूर्ण नागरिकको मनोवल उच्च राख्दै सडक पूर्वाधारको निमार्ण, नदी नियन्त्रण, उज्यालो नगरी, धुलो रहित सडक, खेलकुद क्षेत्रको विकास, समग्र शैक्षिक क्षेत्रको विकास, स्वच्छ खानेपानी, कोभिड १९ को रोकथाम, उपचार र नियन्त्रणको लागि नगर अस्पतालमा २० बेड क्षमताको कोभिड अस्पताल संचालन जस्ता कार्यक्रमहरु निरन्तर गरिएकोले हामी सकारात्मक कार्य गरी अगाडी बढ्न सफल भएका छौं। साथै विभिन्न संघसंस्था, देश विदेशमा रहनु भएका प्रबुद्ध नागरिकहरुबाट निरन्तर प्राप्त भईरहेका आर्थिक सहयोग तथा नगरको साझेदारीमा नगर अस्पताल सुरुङ्गामा अक्सिजन प्लाण्ट निर्माण गर्ने प्रकृया अगाडी बढाईएको छ। यसर्थ, यस महान कार्यमा सहयोग गर्नु हुने सवै प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

नेपाल नगरपालिका संघबाट नेपाल भर रहेका नगरपालिकाहरुको समग्र कार्य सम्पादन मूल्याङ्कन समेतको आधारमा यस कनकाई नगरपालिकालाई **"वित्तिय अनुशासन, राजश्व परिचालन र पूर्वाधार विकासको निर्माण"** विधामा यस वर्ष सर्वोकृष्ट

नगरपालिका घोषणा हुनु हाम्रो नगरको गौरवको शान बढेको व्यहोरा यहाँहरु समक्ष निवेदन गर्न चाहाँन्छु । हामीले यो ऐतिहासिक नगर सभा मार्फत हाम्रा दीर्घकालीन लक्ष्यहरूलाई सम्बोधन गर्ने गरी तात्कालीन लक्ष्यहरू निर्धारण गरी त्यसै अनुरूप बजेट विनियोजन गरेका छौं । हामीले नगरबासीको हितका लागि गर्नुपर्ने कामको चाङ्ग थुप्रो रहेको भएता पनि कोभिड १९ को व्यवस्थापन तथा नियन्त्रणलाई थप व्यवस्थापन गर्दै हाम्रो आर्थिक अव्यवहरुलाई निरन्तर र गतिशिल बनाई समृद्ध नगरको नारालाई आत्म साथ गर्दै हामीसँग भएको श्रोत साधन र सामर्थ्यले जे जति गर्न अनुमति दिन्छ सोही आधारमा आवश्यकता र प्राथमिकताक्रम निर्धारण गरी प्राथमिकताका आधारमा वजेट विनियोजन गरेका छौं । अहिले बजेट तथा कार्यक्रम मार्फत समेटन नसकिएका विषय तथा क्षेत्रहरुलाई आगामी दिनहरुमा समेटदै जाने नै छौं।

यस कनकाई नगरपालिकाको समुन्नत विकासका लागि नगरपालिकाको आन्तरिक श्रोत, संघीय तथा प्रदेश सरकारको श्रोत बाँडफाँटबाट र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, समपुरक तथा सशर्तमा उल्लेखित कार्यक्रम समेतका आधारमा आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालन हुने कार्यक्रमहरू तयार पारेको छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माणको क्रममा नेपालको संविधान, २०७२ मा भएका व्यवस्थाहरू तथा संविधानको अनुसूची-८ को एकल अधिकार र अनुसूची-९ को साझा अधिकारमा रहेका अनुसूचीहरूमा भएका व्यवस्था, पन्ध्रौं राष्ट्रिय आवधिक योजना (राष्ट्रिय योजना आयोग), दिगो विकासका लक्ष्यहरू कनकाई नगरपालिकाको आवधिक योजना (२०७६/०७७-२०८०/०८१), नगरको मध्यकालिन खर्चको अवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय तथा प्रदेश नं. १ सरकारको आर्थिक विकास तथा योजना मन्त्रालयको आर्थिक ऐन २०७८, समय समयमा प्राप्त भएका मार्गदर्शन र परिपत्रहरूका साथै नगरपालिकाले आयोजना गरेको पूर्व बजेट छलफल कार्यक्रमबाट प्राप्त भएका राय/सुझावहरू, नगर सभाबाट प्राप्त भएका सुझावहरू, दीर्घकालीन सोचले निर्दिष्ट गरेका विषयवस्तु, यस नगर क्षेत्र भित्र रहेका सम्पूर्ण क्रियाशिल राजनैतिकदलहरु नगरवासी तथा राजनैतिक दलका भातृ संगसघठन, ९ वटै वडाहरु, विभिन्न संघ संस्था, संचार माध्यम, पत्रकार र टोलबस्तीहरु समेतबाट प्राप्त भएका सुझावहरू र नगरवासीहरूले समय समयमा दिनु भएको राय/सल्लासुझावहरूका साथै अपेक्षा गर्नुभएका विषयबस्तुहरुलाई समेत यो बजेट निर्माणको क्रममा आधार लिएर तयार पारेको छु ।

नगर सभाध्यक्षज्यू,

नगरसभा सदस्यज्यूहरू,

अव म बजेटका उद्देश्य तथा प्राथमिकताहरू प्रस्तुत गर्दछु ।

## बजेटका उद्देश्यहरू

१. कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रण गर्न नागरिकहरुको जीबन रक्षाको लागि उचित व्यवस्थापन गर्नु।
२. उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्दै समतामूलक आर्थिक विकासको आधार तयार गर्नु ।
३. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानीको सुनिश्चिता गर्दै सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्नु।
४. गुणस्तरीय पूर्वाधारको विकास गरी समृद्धिको आधार तयार गर्नु ।
५. वातावरणीय सन्तुलन कायम गर्दै प्राकृतिक श्रोतको दिगो व्यवस्थापन गर्नु ।
६. सुशासन अभिवृद्धि गर्नु ।

७. नेपाल सरकारले अवलम्बन गरेको "**समृद्ध नेपाल, सुखी नेपाली**" तथा नगरको "**सम्मुनत सम्पदा दिगो पूर्वाधार, समृद्ध कनकाईको मूल आधार**" भन्ने नारालाई आत्मसाथ गर्नु ।

## बजेटका प्राथमिकताहरू

१. स्वास्थ्य र शिक्षाको गुणस्तर अभिवृद्धि
२. गरिब,भूमि विहीन तथा अशक्त मैत्री कार्यक्रम
३. औद्योगीकरण तथा यूवा रोजगारीको अवसरमा वृद्धि
४. आर्थिक तथा सामाजिक विकास
५. भौतिक पूर्वाधार निर्माण एवं स्तरोन्नती
६. कृषिको आधुनिकीकरण,विशिष्टीकरण तथा व्यवसायीकरण
७. लक्षित तथा विपन्न वर्गको सशक्तीकरण, सुरक्षित आवास र क्षमता विकास
८. संस्थागत क्षमता विकास, सेवा प्रवाहमा प्रभावकारिता र सुशासन
९. हरित, उज्यालो, मजदुर मैत्री, बन्द निषेधित र सुन्दर नगर
१०. पर्यटकीय गन्तव्यहरूको उजागर गरी आर्थिक विकास
११. विपद् व्यवस्थापन तथा वातावरण संरक्षण

**सभाध्यक्ष महोदय,**
**नगर सभा सदस्यज्यूहरू,**

अब म संघीय सरकार, प्रदेश नं. १ सरकार, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग समेतबाट प्राप्त मार्गदर्शन र बजेटको परिधी भित्र रहि यस गरीमामय नगरसभा मार्फत आ.व. २०७८/०७९ को लागि(चाँलु तथा पूँजीगत समेत) कुल रु. ७३,००,७१,४२०।–(अक्षरुपी त्रिहत्तर करोड एकहत्तर हजार चार सय वीस मात्र) को सीमा भित्र रहि बजेट प्रस्तुत गर्दछु । उक्त वजेट सीमामा सामाजिक सुरक्षा भत्ता वापत अनुमानित प्राप्त हुने रु. २० करोड समावेश गरिएको छैन ।

## (क) वित्तीय समानीकरण अनुदान वापत प्राप्त हुने अनुमानित रकम (संघ तथा प्रदेश)

वित्तीय समानीकरण अनुदान निशर्त प्रकृतिको अनुदान भएको र यस शीर्षक अन्तर्गत संघीय सरकार तथा प्रदेश नं.१ सरकारबाट प्राप्त सम्पूर्ण अनुदानलाई भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास तथा अन्य तोकिए बमोजिमका कार्यक्रम (पूँजिगत) खर्च तर्फका कार्यहरूका लागि तथा वडाका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न विनियोजन गरेको छु । यस शीर्षक अन्तर्गत संघीय सरकारबाट प्राप्त हुने रु. १४,२७,००,०००।–(अक्षरुपी चौध करोड सत्ताईस लाख) तथा प्रदेश नं.१ सरकारबाट प्राप्त रकम रु.८२,९९,०००।–(अक्षरुपी बयासी लाख उनान्सय हजार) गरी जम्मा रु.१५,०९,९९,०००(अक्षरुपी पन्ध्र करोड नौ लाख उनान्सय हजार) को बजेट विनियोजन गरेको छु ।

## (ख) राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुदान (संघ र प्रदेश)

यस शीर्षक अन्तर्गत संघीय सरकारको राजस्व बाँडफाँडबाट प्राप्त हुने अनुमानित अनुदान रु. ८,२८,४७,०००।–(अक्षरुपी आठ करोड अठ्ठाईस लाख सड्चालिस हजार) कार्यालयको चालू तथा कार्यक्रम तर्फ खर्च गर्ने गरी बजेट

विनियोजन गरेको छु । साथै प्रदेश नं. १ सरकारको सवारी कर बाँडफाँडबाट प्राप्त हुने अनुदान रु.९८,५५,४२०।- (अक्षरुपी अन्ठानब्बे लाख पचपन्न हजार चार सय बीस) तथा घर जग्गा रजिष्टेसन दस्तुरबाट प्राप्त हुने रु.१,८०,००,०००।– (अक्षरुपी एक करोड असी लाख) लाई चालु तथा कार्यक्रम खर्चमा खर्च गर्ने गरी बजेट विनियोजन गरेको छु ।

### (ग) नगरपालिकाको विभिन्न कर तथा स्रोतबाट प्राप्त हुने अनुमानित रकम (आन्तरिक आय)

यस शीर्षक अन्तर्गत नगरपालिकाका विभिन्न कर तथा स्रोतहरुबाट प्राप्त हुने अनुमानित गरिएको रकम रु. ५,५५,७०,०००।-(अक्षरुपी पाँच करोड पचपन्न लाख सतरी हजार) प्राप्त हुने अपेक्षा गरेको छु । उक्त शिर्षकबाट प्राप्त हुने रकमलाई चालु तथा पूँजिगत शिर्षक एवं कार्यक्रम तर्फ खर्च गर्ने गरी बजेट विनियोजन गरेको छु ।

### (घ) नगरपालिकाको स्थानीय सञ्चित कोष एवं नगर तथा वडाको आ.व. २०७७/०७८को बाँकी रहने अनुमानित रकम

आ.व. २०७७/०७८ को अन्त्यसम्म खर्च भई नगरपालिकाको स्थानीय मुल सञ्चित कोषमा बाँकी रहने (सशर्त, समपूरक र विशेष अनुदान वाहेकका रकम) अनगर तथा वडाको दायित्वमा रहने अनुमानित रकम रु. ५,००,००,०००।– (अक्षरुपी रु. पाँच करोड) रकमलाई नगरपालिकाको चालु तथा पुँजीगत शिर्षक तर्फ खर्च गर्ने गरी बजेट विनियोजन गरेको छु ।

### (घ) समपूरक तथा विशेष अनुदानबाट प्राप्त हुने अनुमानित रकम (संघ र प्रदेश)

यस शीर्षक अन्तर्गत संघीय सरकारको समपुरक अनुदान (पूँजीगत) मार्फत रकम रु. १,१५,००,०००।-(अक्षरेपी रु. एक करोड पन्ध्र लाख ) तथा विशेष अनुदान (पुँजीगत) को रकम रु. २,१६,००,०००/- (अक्षरेपी रु. दुई करोड सोह्र लाख रकम) र प्रदेश नं.१ सरकारको समपुरक अनुदान (पूँजीगत) मार्फत रकम रु. १,००,००,०००।-(अक्षरेपी रु. एक करोड) तोकिए अनुसारका पुँजीगत शिर्षकमा खर्च गर्ने गरी बजेट विनियोजन गरेको छु ।

### ङ) सशर्त अनुदान वापत प्राप्त हुने अनुमानित रकम (संघ र प्रदेश)

यस शीर्षक अन्तर्गत संघीय सरकारबाट तोकिए बमोजिमको योजना तथा कार्यक्रम सम्पन्न गर्न चालु खर्च तर्फ रकम रु. १७,३५,००,०००/- (अक्षरुपी सत्र करोड पैतिस लाख) र पुँजीगत खर्च तर्फ रकम रु. ३,२५,००,०००/-(अक्षरुपी तीन करोड पच्चिस लाख) समेत गरी जम्मा प्राप्त हुने अनुमानित रकम रु. २०,६०,००,०००/- (अक्षरुपी रु. बीस करोड साठ्ठी लाख) तथा प्रदेश नं. १ सरकारवाट प्राप्त हुने सशर्त अनुदान वापत प्राप्त हुने अनुमानित रकम रु. १,३०,००,०००।-(अक्षरुपी एक करोड तीस लाख) तोकि आए बमोजिमको शिर्षकहरुमा खर्च गर्ने गरी व्यवस्था मिलाएको छु ।

### (च) नेपाल सरकार, प्रदेश सरकार, दात्तृ निकाय, विभिन्न संघसंस्था तथा निकायबाट प्राप्त हुने अनुमानित अनुदान तथा ऋण समेत

यस शिर्षक अर्न्तगत नगर क्षेत्र भित्र संचालन गरिने विभिन्न थप योजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक पर्ने रकम नेपाल सरकार, प्रदेश सरकार, विभिन्न दात्तृ निकाय, विभिन्न संघसंस्था समेतवाट दुवै पक्षको आपसी

समझदारी पत्रमा उल्लेख भए बमोजिम कार्य गर्ने गरी प्राप्त हुने अनुमानित अनुदान तथा ऋण रकम रु. १०,०७,००,०००/- (अक्षरुपी दश करोड सात लाख) खर्च गर्ने गरी विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**नगर सभा सदस्यज्यूहरू,**

अब यस कनकाई नगरपालिकाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरू तर्फ सशर्त, वित्तीय समानिकरण, राजस्व बाँडफाँड, सवारी कर बाँडफाँड, स्रोत बाँडफाँड लगायतका शीर्षकहरूबाट आ. व. २०७८/०७९ का लागि तपसिल बमोजिमका शिर्षकहरूमा देहाय अनुसार खर्च गर्ने गरी यस नगर सभा समक्ष बजेट विनियोजन गरेको छु ।

## १. कृषि तथा पशुपन्क्षी कार्यक्रम तर्फ

कृषिका विभिन्न पकेट क्षेत्रहरू, कृषि औजार तथा सामग्री लगायत उन्नत मल बीउको व्यवस्थापन, चकलाबन्दी खेती, अर्गानिक खेती, स्थानीय स्तरमा हुन सक्ने सम्भावित कृषि तथा पशुजन्य उत्पादनलाई प्रवर्द्धन गर्न वडागत रूपमा तथा नगरपालिका स्तरबाट समेत कार्यान्वयन हुने गरी रु. १,५०,००,०००।- (अक्षरुपी एक करोड पचास लाख) बजेटको व्यवस्था गरेको छु ।

## २. शिक्षा सम्बन्धी कार्यक्रम तर्फ

यस नगरपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै, शैक्षिक गन्तव्य तर्फ अघि बढ्न, शैक्षिक गुणस्तरलाई बृद्धि गर्न, विज्ञ टोली सहितको अनुगमन, आई.सी.टी सहितको शैक्षिक सूचना केन्द्रको स्थापना, विद्यालय क्षेत्रको विकास कार्यक्रमहरू सञ्चालन गर्न, नगरपालिका स्तरीय वार्षिक परीक्षा सञ्चालन गर्न, कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि पोशाक, दिवा खाजा, वाल विकासका विद्यार्थीका लागि झोला, शिक्षकहरूलाई ICT तालिम, कक्षा ११ र १२ मा अध्ययनरत गरिब तथा जेहनदार विद्यार्थीका लागि छात्रवृत्ति, वाल शिक्षा कक्षा शिक्षक र विद्यालय कर्मचारी प्रोत्साहन कार्यक्रम, विज्ञान प्रयोगशाला लगायत विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा कार्यालय व्यवस्थापन र कोभिड १९ को महामारीको बीचमा पनि विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माणका समेतका लागि संघीय सरकारबाट तोकी आएको सशर्त अनुदान बाहेक रकम रु. १,२०,३०,०००।- (अक्षरुपी एक करोड बीस लाख तीस हजार) बजेट विनियोजन गरेको छु ।

## ३. स्वास्थ्य सम्बन्धी कार्यक्र तर्फ

कोभिड १९ महामारीको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गरेको छु। स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य शिक्षाका लागि सामाग्री वितरण, विद्यालय स्वास्थ्य प्रवर्द्धन तथा शिक्षा कार्यक्रम, समुदायमा स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने, औषधी खरिद गर्ने, प्रसूति सेवा कार्यक्रम, परिवार नियोजन सम्बन्धी कार्यक्रम , सुरक्षित मातृत्व, गाउँघर क्लिनिक, आमा सुरक्षा, ल्याव सञ्चालन लगायतका कार्यक्रमका लागि संघीय सरकारबाट तोकी आएको ससर्त अनुदानबाट व्यवस्था गरिएको छ। स्वास्थ्य बिमा कार्यक्रममा छुट, नगर अस्पतालमा इमर्जेन्सी सहित विशेषज्ञ सेवा सञ्चालन, जेष्ठ नागरिकहरूको लागि विविध कार्यक्रम, सम्पूर्ण वडा कार्यालयहरूमा स्वास्थ्य प्रदायक सेवा पुर्याउने लगायत स्वास्थ्य क्षेत्रका विविध कार्यक्रमका सम्बोधन गर्नका लागि ससर्त अनुदान बाहेकको रकम रु.१,५०,००,०००।- (एक करोड पचास लाख रकम रुपैयाँ मात्र ) बजेट विनियोजन गरेको छु ।

### ४. खानेपानी तथा ढल कार्यक्रम तर्फ

नगरपालिकामा खानेपानीको पहुँचबाट टाढा रहेका जनतालाई खानेपानीको सेवा उपलब्ध गराउनका साथै नगर सबै घरमा स्वच्छ खानेपानी पुर्याउने नगरपालिकाको नीति बमोजिम यस कार्यक्रम अन्तर्गतरकम रु. २५,००,०००।-(पच्चिस लाख) बजेट विनियोजन गरेको छ ।

### ५. वन, वातावरण, संस्कृति तथा पर्यटन विकास र प्रवर्द्धन तथा सहकारी कार्यक्रम तर्फ

संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम संघीय सरकार, प्रदेश सरकार र स्थानीय संघ संस्थाको सहयोग र समन्वयमा सञ्चालन गरिने छ। यसका लागि रु.५०,००,०००।– (पचास लाख) विनियोजन गरेको छु। सहकारीको प्रवर्धन तथा विकासका लगि रकम रु.१०,००,०००।- (दश लाख) वजेट विनियोजन गरेको छु।राष्ट्रिय प्राथमिक्ता प्राप्त आयोजनाको रुपमा रहेको विज्ञान पार्कको निर्माणका लागि संघिय सरकारको साझेदारीमा सम्पन्न गरिने आयोजनालाई प्राथमिक्ता दिदै कार्यन्वययन गरिने छ।

### ६. खेलकुद विकास तथा व्यवस्थापन कार्यक्रम तर्फ

खेलकुदको माध्यमबाट नगरपालिकालाई परिचित गराउन तथा खेल प्रतिभालाई प्रस्फुटन गराउने उद्देश्यले खेलकुद क्षेत्रको समग्र विकासका लागि खर्च गर्ने गरी रु.२५,००,०००।-(पच्चिस लाख) बजेट विनियोजन गरेको छु।

### ७. महिला बालबालिका तथा लक्षित वर्ग र संस्थागत सहयोग तर्फ

यस शीर्षक अन्तर्गत लैङ्गिक समानता तथा पछाडि परेका वर्गहरूलाई विभिन्न गोष्ठी, सेमिनार तथा तथा सीप मूलक तालिम कार्यक्रम सञ्चालन गरी चेतनाको स्तर वृद्धि गर्न लक्षित वर्गका लागि रु. ३५,००,०००।-(पैतिस लाख) बजेट रकम विनियोजन गरेको छु ।विभिन्न संस्थाहरूलाई सशक्त रूपमा परिचालन गर्न संस्थागत सहयोगका लागि रु. ३५,००,०००।-(पैतिस लाख) बजेट रकम विनियोजन गरेको छु।लैगिक समानता तथा समावेसिकरण को लागि रकम रु.१०,००,०००।-(दश लाख) र वालमैत्री विकास नगर तथा बालकोष समेतको लागि रकम रु.२०,००,०००।-(विस लाख) विनियोजन गरेको छु। समावेसी विकास कार्यक्रम संचालन (NLR) को लागि प्राप्त हुने रु. ७,००,०००।-( सात लाख) तथा न्यायिक समिति तथा वडा स्तरिय मेलमिलाप केन्द्र व्यवस्थापन को लागि रु.१३,००,०००।-(तेह लाख) गरी जम्मा रु. १,१७,००,०००।– ( एक करोड चौध लाख) बजेट विनियोजन गरेको छु।

### ८. भवन तथा सहरी विकास कार्यक्रम तर्फ

नगरपालिकाको निर्माणको चरणमा रहेको बहुउदेश्य भवन निर्माण अन्य भौतिक संरचनाको मर्मत, निर्माण तथा व्यवस्थापन गर्ने गरी बजेट विनियोजन गरिएको छ।जसका लागि १,६५,००,०००।-(एक करोड पैसठी लाख ) बजेट विनियोजन गरेको छु।

### ९. ऊर्जा, विद्युत् विस्तार सम्बन्धी कार्यक्रम

उज्यालो नगरी निर्माणका लागि हरेक वडामा केन्द्रीय प्रसारण लाइन जडान गर्ने तथा विद्युत् विस्तार तथा मर्मत सम्भारका लागि रु. ३०,००,०००।-(तीस लाख) बजेट विनियोजन गरेको छु।

### १०. तथ्याङ्क सङ्कलन सम्बन्धी कार्यक्रम तर्फ

कनकाई नगरपालिकाका भित्र रहेका अव्यवस्थित बसोवासी सुकुम्बासी तथा ऐलानी जग्गाहरूको तथ्याङ्क आध्यावधिक र नापजाँच कार्य भइरहेको र यस कार्यको उदेश्य प्रासि तथा अन्य नगरको विभिन्न तथ्याङ्कहरूको सङ्कलन, अभिलेखन तथा व्यवस्थापन कार्यका लागि खर्च गर्ने गरी रु.५०,००,०००।- (पचास लाख ) बजेट विनियोजन गरेको छ्।

### ११. मेयर आवास कार्यक्रम तर्फ

विपन्न तथा गरिब परिवारलाई विगत आ.व. देखिनै संचालनमा रहेको मेयर आवास कार्यक्रमलाई आगामी वर्षभित्रमा आवास उपलब्ध गराउने उदेश्य अनुरुप गत वर्ष झैं सञ्चालनमा रहेको मेयर आवास कार्यक्रमलाई नगरका सबै वडामा पुर्याइने छ। उक्त कार्यका रु. १,००,००,०००।-( एक करोड ) बजेट विनियोजन गरेको छु।

### १२. फोहोर मैला व्यवस्थापन कार्यकम तर्फ

नगरको फोहोर मैलाको उचित व्यवस्थापन र सरसफाईका लागि आवश्यक पर्ने रकम रु.२५,००,०००।- (पच्चिस लाख मात्र) बजेट विनियोजन गरेको छु।

### १३. सूचना प्रविधी तथा सञ्चार कार्यक्रम तर्फ

सूचना प्रविधिको क्षेत्रमा विविध कार्य गरी नगरलाई सूचनाप्रविधि मैत्री नगर निर्माण गरिदैं लगिने छ। सूचना प्रविधिको प्रयोग तथा इन्ट्रानेट व्यवस्थापन तथा इक्युपमेन्ट खरिदको लागि रकम रु.२५,००,०००,।-( पच्चिस लाख) र आगामी वर्षमा सूचना प्रविधि तथा सञ्चारको लागि आवश्यक पर्ने रकम रु. २५,००,०००।- (पच्चीस लाख) गरी जम्मा रु.५०,००,०००।–( पचास लाख) बजेट विनियोजन गरेको छु। नगर भित्र संचालनमा रहेका संचार माध्यम तथा संचारकर्मीहरुको संरक्षण र प्रवर्दनका लागि उचित सम्बोधन गरिने छ।

### १४. नदी नियन्त्रण कार्यक्रम तर्फ

नगर भित्र रहेका नदी नियन्त्रणका लागि गत वर्ष झैं यस वर्ष पनि निरन्तरता दिइएको छ। उक्त कार्यलाई लागि रकम रु.१,५०,००,०००।- (एक करोड पचास लाख) बजेट विनियोजन गरेको छु।

### १५. नगरपालिका विशेष कार्यक्रम तर्फ

नगरपालिकाको दैनिक कार्यलाई चुस्त दुरुस्त सेवा प्रवाह गर्न सेवाग्राहीको बसाई व्यवस्थापन समेतलाई मध्यनजर गर्दै नया प्रशासनिक भवनको व्यवस्थापन तथा फर्निचर फिक्चरका लागि रु.५०,००,०००।- ( पचास लाख), सवारी साधन खरिदमा रु. १५,००,०००।- ( पन्ध्र लाख )जनप्रतिनिधि कर्मचारी र शिक्षकका लागि क्षमता विकास सम्बन्धी कार्यक्रम, विभिन्न गोष्ठी तथा कार्यक्रम (CDC Plan) सञ्चालनको लागि रु. १०,००,०००।- (दश लाख),सवारी साधन तथा मेसिनरी औजार मर्मत वापत रु.१०,००,०००।–( दश लाख) गरी जम्मा रु.८५,००,०००।–( पचासी लाख) बजेट विनियोजन गरेको छु।

### १६. नगरपालिकाको विविध कोष तथा कार्यक्रम तर्फ

नगरपालिकामा हुन सक्ने सम्भावित प्रकोप र त्यसबाट छुटकारा दिने तथा राहत वितरण समेतका लागि नगरपालिकामा स्थापना भएको विपद् व्यवस्थापन तथा महामारी नियन्त्रण कोषमा रु.१,००,००,०००।–(एक करोड ), युवा स्वरोजगार कार्यक्रम लागि रु.१,००,००,०००।-(एक करोड) पुंजीगत परामर्श सेवाका लागि रु.३०,००,०००।-(तीस लाख),

प्राथमिक्ताको आधारमा समपुरक कोषवाट संचालन हुने कार्यक्रम तथा योजनाको लागि रु.२,००,००,०००।-(दुई करोड) र विविध कार्यक्रम तथा योजना संचालन गर्न रकम रु.४,८८,४१४२०।-( चार करोड अठासी लाख एकचालिस हजार चार सय विस) गरी जम्मा रु.९,१८,४१,४२०।–( नौ करोड अठार लाख एकचालिस हजार चार सय वीस)बजेट विनियोजन गरेको छु।

## १७.नगरपालिकाको चालू खर्च तर्फ

कर्मचारीहरूको पारिश्रमिक तलव भत्ता, जनप्रतिनिधिको सेवा सुविधा, बैठक भत्ता लगायत कार्यालय सञ्चालन गर्न चालू खर्चका लागि रु.९,५१,००,०००(नौ करोड एकाउन्न लाख) बजेट विनियोजन गरेको छु।

## १८. भौतिक पूर्वाधार तथा सडक निर्माण एवम स्तर उन्नति तर्फ

वडा स्तरीय पूर्वाधार योजना तथा कार्यक्रमको चालु तथा पुँजीगत खर्च तर्फ सम्पूर्ण वडाहरूका लागि न्युनतम अनुदान र भौगोलिक तथा जनसंख्याको आधारमा वाडफाड हुने गरी जम्मा रकम रु. ९,००,००,०००।- ( नौ करोड मात्र) बजेट विनियोजन गरेको छु।सडक निर्माण तथा स्तर उन्नतिको लागि रु.३०,००,०००।-(तिस लाख), सडक बोर्ड मार्फत संचालन हुने कार्यक्रमका लागि ४०,००,०००।- (चालिस लाख) गरी जम्मा रु. ९,७०,००,०००।–( नौ करोड सत्तरी लाख) बजेट विनियोजन गरेको छु।

## १९. सुशासन तथा संस्थागत विकास तर्फ

नगरपालिका तथा वडावाट गरिने सिफारिसहरुलाई स्वचालित प्रविधिको प्रयोग गरी सेवाग्राहीले आफ्नो इमेलमा नै प्राप्त गर्न सक्ने गरी सेवा संचालन गरिनेछ। उक्त कार्यका लागि अफिस अटोमेसन तथा इपेमेन्टको प्रयोग गरिनेछ।कागजको कम प्रयोगयुक्त संगठनको अवधारणालाई आत्मासाथ गर्दै नगरपालिका तथा वडावाट हुने अन्य सेवालाई प्राथमिकताको आधारमा अनलाइनमा लगिने छ यसका लागि सुशासन तथा सस्थागत विकास तथा व्यवस्थापन र अफिस अटोमेसन समेतको लागि रु.३५,००,०००।- (पैतिस लाख) वजेट विनियोजन गरेको छु।

## २०.दायित्वमा रहने योजना तथा संचित कोषवाट संचालन हुने कार्यक्रम तर्फ

कोभिड १९को विश्व महामारीको रूपमा फैलिरहेको संक्रमणका कारण नेपाल सरकारवाट निषेधआज्ञा(लकडाउन)ले अपेक्षित रुपमा राजस्व तथा आन्तरिक आय सङ्कलन हुन नसकेको र यसको असर हाम्रो नगरमा समेत देखिएकोले, सम्झौता भई दायित्वमा रहेका केही योजनाहरू तथा स्थानीय संचित कोषवाट बाकी रही संचालन हुने योजना तथा कार्यक्रमका लागि नगरसभावाट निर्णय हुने गरी आगामी आ.व. मा सञ्चालन गर्न अनुमानित रु. ५,००,००,०००।- (पाच करोड) बजेट विनियोजन गरेको छु।

## २१.सशर्त, समपुरक तथा विषेश अनुदान कार्यक्रम तर्फ

सशर्त कार्यक्रम अन्तर्गतसञ्चालन हुने संघवाट २०,६०,००,०००।- र प्रदेशवाट रकम रु.१,३०,००,०००।- तोके बमोजिम कार्यक्रम संचालन हुने गरी विनियोजन गरेको छु। समपुरक अनुदान तर्फ संघ र प्रदेश गरी रकम रु.२,१५,००,०००।र संघवाट प्राप्त हुने विषेश अनुदान रु.२,१६,००,०००।–( दुई करोड सोह्र लाख) तोके बमोजिम संचालन हुने गरी विनियोजन गरेको छु। सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने अनुमानित रकम

रु.२०,००,००,०००।- (विस करोड) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन ऐन तथा निर्देशिका बमोजिम नै सञ्चालन हुनेछ। यसलाई आय व्यय विवरणमा समावेस गरिएको छैन।

**सभाध्यक्ष महोदय,**
**नगर सभा सदस्यज्यूहरु,**

अब,

म आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिमको परिधी भित्र रहने गरी खर्च गर्न विनियोजित कुल बजेटबाट हालसम्म विभिन्न चालु तथा पूँजिगत शिर्षकहरुमा प्राप्त हुने राजश्व तथा अन्य कुल आम्दानी र सो बमोजिम हुने खर्चहरुको यथार्थ आय-व्यय विवरण यस सम्मानित नगर सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु।

कनकाई नगरपालिका

जमुनवारी झापा

आ.व. २०७८/०७९ को आय व्ययको अनुमानित विवरण

| क.स. | आय विवरण | आय विवरण | कुल रकम | क.स. | खर्च विवरण | खर्च रकम |
|---|---|---|---|---|---|---|
| **क** | **आन्तरिक आय तर्फ** | | **५५५७००००** | १ | विपद् व्यवस्थापन (महामारी नियन्त्रण समेत) | १०००००००० |
| | १. सम्पति कर | ६०००००० | | २ | नदि नियन्त्रण | १५०००००० |
| | २. मालपोत तथा भुमिकर | ४०००००० | | ३ | शिक्षा | १२०३०००० |
| | ३. घर जग्गा बहाल कर | २५००००० | | ४ | स्वास्थ्य | १५०००००० |
| | ४. बहाल बिटौरी कर | ६५००००० | | ५ | तथ्याङ्क संकलन | ५०००००० |
| | ५.व्यवसाय कर | २०००००० | | ६ | कृषि र पशु | १५०००००० |
| | ६. सवारी दर्ता कर | ५०००० | | ७ | बालमैत्री नगर कोष समेत | २०००००० |
| | ७. मनोरज्जन कर तथा पर्यटक प्रवेश | ६००००० | | ८ | सूचना प्रविधि ( इन्ट्रानेट, कम्प्युटर नेटवर्क इक्युमेन्ट तथा अन्य) | २५००००० |
| | ८. फोहोरमैला संकलन शुल्क | ५००००० | | ९ | वन वातावरण तथा पर्यटन विकास | ५०००००० |
| | ९. विज्ञापन कर | २००००० | | १० | सहकारी प्रवर्दन तथा सम्वर्दन | १०००००० |
| | १०. सवारी पार्किङ शुल्क | १००००० | | ११ | फोहोरमैला व्यावस्थापन | २५००००० |
| | ११. नक्सा पास, दर्ता तथा नविकरण दस्तुर | ३०००००० | | १२ | सुसासन सस्थागत विकास तथा व्यवस्थापन अफिस अटोमेसन समेत | ३५००००० |
| | १२. सिफारिस दस्तुर | ५०००००० | | १३ | विद्युतिकरण | ३०००००० |
| | १३. नाता प्रमाणित दस्तुर | १००००० | | १४ | लक्षित वर्ग | ३५००००० |
| | १४. न्यायिक दस्तुर | २०००० | | १५ | संघ सस्था तर्फ अनुदान/सहयोग | ३५००००० |
| | १५. नदिजन्य पदार्थको विक्रीवाट प्राप्त हुने | २०००००००० | | १६ | वडालाई दिने अनुदान ( चालु तथा पुजीगत) | ९०००००००० |
| | १६. वन पैदावारवाट प्राप्त हुने रकम | ४०००००० | | १७ | चालु खर्च ( तलब,भत्ता, कार्यलय संचालन तथा वैठक समेत) | ९५१००००० |
| | १७. अन्य विक्रिवाट प्राप्त हुने रकम | ५००००० | | १८ | नव निर्मित प्रशासनिक भवनको कार्यलय व्यवस्थापन र फर्निचर समेत | ५०००००० |
| | १८. अन्य विविध आय/अनुदान | ५००००० | | १९ | सवारी साधन खरिद | १५००००० |
| **ख** | **राजश्व वाडफाडवाट प्राप्तहुने आय** | | **११०७०२४२०** | २० | सूचना तथा संचार | २५००००० |
| | १. जग्गा रजिष्ट्रेसन दस्तुर (मालपोत) | १८०००००० | | २१ | खानेपानि तथा ढल | २५००००० |
| | २. सवारी कर (प्रदेश) | ९८५५४२० | | २२ | बहुउदेश्य भवन निर्माण | १६५००००० |
| | ३. राजश्व वाडफाडवाट प्राप्त (संघ) | ८२८४७००० | | २३ | सडक निर्माण तथा स्तरोउनन्नित | ३०००००० |
| **ग** | **वित्तिय समानिकरण अनुदानवाट प्राप्त हुने आय** | | **१५०९९९०००** | २४ | लैङ्कि समानता तथा समावेसीकरण | १०००००० |
| | १. वित्तिय समानिकरण (प्रदेश) | ८२९९००० | | २५ | मेयर आवास कार्यक्रम | १०००००००० |
| | २. वित्तिय समानिकरण (संघ) | १४२७००००० | | २६ | न्यायिक समिति व्यवस्थापन | १३००००० |
| **घ** | **ससर्त अनुदान तर्फ** | | **२१९००००००** | २७ | खेलकुद विकास तथा व्यबस्थापन | २५००००० |
| | १.ससर्त अनुदान (प्रदेश) | १३०००००० | | २८ | सडक बोर्ड मार्फत संचालन हुने योजना | ४०००००० |
| | २. ससत्र अनुदान ( संघ) | २०६०००००० | | २९ | समावेसी विकास कार्यक्रम (NLR) | ७००००० |

कनकाई नगरपालिका

जमुनवारी झापा

आ.व. २०७८/०७९ को आय व्ययको अनुमानित विवरण

| क.स. | आय विवरण | आय विवरण | कुल रकम | क.स. | खर्च विवरण | खर्च रकम |
|---|---|---|---|---|---|---|
| ङ | **समपुरक अनुदान तर्फ** | | **२१५०००००** | ३० | प्राथमिकताका आधारमा समपुरक कोषवाट संचालन हुने योजनाहरुका लागि | २००००००० |
| | १. समपुरक अनुदान (प्रदेश) | १००००००० | | ३१ | विशेष अनुदान (संघ) | २१६००००० |
| | २. समपुरक अनुदान (संघ) | ११५००००० | | ३२ | क्षमता विकास तथा तालिम ( CDC Plan) | १०००००० |
| च | **विशेष अनुदान तर्फ** | | **२१६०००००** | ३३ | सवारी साधन तथा मेसिनरी औजार मर्मत | १०००००० |
| | १. विशेष अनुदान (प्रदेश) | ० | | ३४ | पुजिगत परामर्श सेवा | ३०००००० |
| | २. विशेष अनुदान (संघ) | २१६००००० | | ३५ | युवा स्वरोजगार | १००००००० |
| च | **अन्य संघ सस्था तथा निकायवाट प्राप्त हुने अमानित आय (ऋण समेत)** | | **१००७०००००** | ३६ | ससर्त अनुदान (प्रदेश) | १३०००००० |
| | १. नेदरल्याड लेप्रोसी रिलिफ नेपाल NLR | ७००००० | | ३७ | ससर्त अनुदान ( संघ) | २०६०००००० |
| | २. सडक बोर्ड नेपाल | ४०००००० | | ३८ | समपुरक अनुदान (प्रदेश) | १००००००० |
| | ३. संघ, प्रदेश, दात्री निकाय समेतबाट प्राप्त अनुदान तथा ऋण समेत | १०००००००० | | ३९ | विविध कार्यक्रम तथा योजनाक लागि | ४८८४१४२० |
| | | | | ४० | समपुरक अनुदान (संघ) | ११५००००० |
| छ | **मौज्दात र स्थानिय संचितकोषमा रहने रकम** | **५००००००००** | **५००००००००** | ४१ | गत वर्षको दायित्वमा रहेका योजना तथा कार्यक्रमको भुक्तानी तथा स्थानिय संचित कोपवाट संचालन हुने योजना तथा कार्यक्रमका लागि | ५००००००० |
| | कुल जम्मा | | ७३००७१४२० | | | ७३००७१४२० |

नोटः उल्लेखित बजेट शिर्षकमा सामाजिक सुरक्षा वापत प्राप्त हुने अनुमानित रकम रु २०००००००० (अक्षरेपी रु विस करोड) आय व्ययमा समावेश गरिएको छैन ।

**सभा अध्यक्ष महोदय,**
**सम्पूर्ण नगर सभासदस्यज्यूहरू,**

अब म,यस नगरपालिकाको आ.व. २०७८/०७९ का लागि आर्थिक विधेयक २०७८ र विनियोजन विधेयक २०७८ यस नगर सभामा छलफलको लागि निर्णायार्थ पेश गर्दछु।

धन्यवाद

## क) नगरस्तरिय चालु खर्च

| क्र.स. | खर्च शिर्षक | बिनियोजित रकम | खर्च श्रेत | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारी तलव भत्ता | ४५००००००।- | राजश्व वाडफाँड (सघ) | |
| २ | पदाधिकारी सुविधि | १३००००००- | राजश्व वाड फाँड सघ | |
| ३ | संचार महशुल | ६०००००।- | आन्तरिक श्रोत | |
| ४ | कार्यलय संचालन खर्च | ४००००००।- | आन्तरिक श्रोत | |
| ५ | मर्मत सम्मार बगैचा व्यवस्थापन समेत | १८०००००।- | आन्तरिक श्रोत | |
| ६ | भ्रमण खर्च | १८०००००।- | आन्तरिक श्रोत | |
| ७ | योगदानमा आधारित विमा | १२०००००।- | आन्तरिक श्रोत | |
| ८ | अन्य विमा | ७०००००।- | आन्तरिक श्रोत | |
| ९ | कर्मचारी पदाधिकारी बैठक | १५०००००।- | आन्तरिक श्रोत | |
| १० | आर्थीक सहयोग | ९०००००।- | आन्तरिक श्रोत | |
| ११ | पानी तथा बिजुली महशुल | ६०००००।- | आन्तरिक श्रोत | |
| १२ | फर्निचर तथा फिचर्स | ५००००००।- | आन्तरिक श्रोत | |
| १३ | मेशिनरी औजार मर्मत | ५०००००।- | आन्तरिक श्रोत | |
| १४ | इन्धन पदाधिकारी | ६०००००।- | आन्तरिक श्रोत | |
| १५ | इन्धन अन्य | १८०००००।- | आन्तरिक श्रोत | |
| १६ | सवारी साधन मर्मत | १८०००००।- | आन्तरिक श्रोत | |
| १७ | पदाधिकारी अन्य सुबिधा | १५०००००।- | आन्तरिक श्रोत | |
| १८ | पदाधिकारी कर्मचारी क्षमता बिकास | १००००००।- | आन्तरिक श्रोत | |
| १९ | बिमा नबिकरण खर्च | २०००००।- | आन्तरिक श्रोत | |
| २० | पुस्तक तथा सामाग्री | ४०००००।- | आन्तरिक श्रोत | |
| २१ | सूचना प्रकाशन तथा प्रशारण खर्च | ५०००००।- | आन्तरिक श्रोत | |
| २२ | सेवा परामर्श खर्च करार कर्मचारी समेत | ३००००००।- | आन्तरिक श्रोत | |
| २३ | कार्यक्रम खर्च | १२०००००।- | आन्तरिक श्रोत | |
| २४ | बिबिध खर्च | १५०००००।- | आन्तरिक श्रोत | |
| २५ | अनुगमन मुल्याकन खर्च | ८०००००।- | आन्तरिक श्रोत | |
| २६ | सूचना प्रणाली तथा सप्टवेयर सचालन खर्च | २७०००००।- | आन्तरिक श्रोत | |
| २७ | सभा सन्चालन खर्च | ६०००००।- | आन्तरिक श्रोत | |
| २८ | बिशिस्ट ब्याक्ती स्वागत तथा सम्मान खर्च | ४०००००।- | आन्तरिक श्रोत | |
| २९ | घर भाडा | ५०००००।- | आन्तरिक श्रोत | |
| | **कुल जम्मा** | ९,५१,००,०००।- | | |

## १. विपत व्यवस्थापन (महामारी नियन्त्रण समेत) (रुपैया एक करोड)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विपत व्यवस्थापन (महामारी नियन्त्रण समेत) | | १,००,००,०००।- | १,००,००,०००।- | | |

## २. नदि नियन्त्रण (रुपैया एक करोड पचास लाख)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नदि नियन्त्रण | | १,५०,००,०००।- | १,५०,००,०००।- | | |

## ३. शिक्षा (रुपैया एक करोड वीस लाख तिस हजार)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वाल शिक्षक तथा विद्यालय कर्मचारी प्रोत्साहन अनुदान | ४०,००,०००।- | | ४०,००,०००।- | | |
| २ | सामुदायिक विद्यालयका वाल विकास देखि कक्षा ५ सम्ममका विद्यार्थीहरुका लागि पोशाक व्यवस्थापन | १३,००,०००।- | | १३,००,०००।- | | |
| ३ | सामुदायिक विद्यालयका वाल विकास विद्यार्थीलाई व्याग झोला | १,३०,०००।- | | १,३०,०००।- | | |
| ४ | सामुदायिक विद्यालयमा अधययनतर विद्यार्थीहरुका लागि छात्रवृति व्यवस्थापन | १०,००,०००।- | | १,०००,०००।- | | |
| ५ | प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृति सहयोग कार्यक्रम | ५,००,०००।- | | ५००,०००।- | | |
| ६ | सामुदायिक विद्यालय परिक्षा व्यवस्थापन | १,००,०००।- | | १,००,०००।- | | |
| ७ | कार्य सम्पादन मुल्याकन | ५०,०००।- | | ५०,०००।- | | |
| ८ | विद्यालय भाषिक सुधार कार्यक्रम संचालन | ५०,०००।- | | ५०,०००।- | | |
| ९ | शिक्षा दिवस कार्यक्रम | ५०,०००।- | | ५०,०००।- | | |
| १० | अतिरिक्त क्रियाकलाप संचालन | १००,०००।- | | १००,०००।- | | |
| ११ | अनुगमन तथा मुल्याकन | १,००,०००।- | | १,००,०००।- | | |
| १२ | क्षमता अभिवृद्दि कार्यक्रम संचालन | १,००,०००।- | | १,००,०००।- | | |
| १३ | शैक्षिक गन्तव्य कार्यक्रम कार्यन्वयन | ५,००,०००।- | | ५,००,०००।- | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | स्थानीय पाठ्क्रम कार्यान्ययनका लागि पाठ्यपुस्तक विकास | ६,००,०००।- | | ६,००,०००।- | | |
| १५ | शैक्षिक भ्रमण तथा अवलोकन (शिक्षक) | ५०,०००।- | | ५०,०००।- | | |
| १६ | शैक्षिक भ्रमण तथा अवलोकन (विद्यार्थी) | ५०,०००।- | | ५०,०००।- | | |
| १७ | विद्यालयहरुलाई प्रस्तावनाका आधारमा अनुदान कार्यक्रम | २,००,०००।- | | २,००,०००।- | | |
| १८ | विपद् व्यवस्थापन ( प्राथमिक उपचार समेत) | ५०,०००।- | | ५०,०००।- | | |
| १९ | घुम्ति शिक्षक व्यवस्थापन | १,००,०००।- | | १,००,०००।- | | |
| २० | विद्यालयलाई फर्निचर व्यवस्थापन | ७,००,०००।- | | ७,००,०००।- | | |
| २१ | विद्यार्थी प्रतिभा पहिचाहन | ३,००,०००।- | | ३,००,०००।- | | |
| २२ | वाल शिक्षा सहयोग कार्यक्रम | | १,५०,००० | १,५०,०००।- | | |
| २३ | इन्ट्रानेट तथा सिसि टिभि जडान सामुदायिक विद्यालय | | २,००,०००।- | २,००,०००।- | | |
| २४ | सामुदायिक विद्यालयहरुमा फुलवारी, करेसावारी, खानेपानि तथा सरसफाई व्यवस्थापन | | ५०,०००।- | ५०,०००।- | | |
| २५ | सामुदायिक विद्यालयहरुमा भौतिक सुधार तथा स्माट कक्षा व्यवस्थापन | | १,००,०००।- | १,००,०००।- | | |
| २६ | कनकाई पोलिटेक्निक इन्ष्टिच्युट भौतिक निर्माण तथा ल्याव व्यवस्थापन अनुदान | | १५,००,०००।- | १५,००,०००।- | | |
| | **जम्मा** | १,००,३०,०००।- | २०,००,०००।- | १,२०,३०,०००।- | | |

## ४. स्वास्थ्य (रुपैया एक करोड पचास लाख)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कनकाई नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा आवश्यक औजार, उपकरण तथा फर्निचर व्यवस्थापन गर्न। | | १०,००,०००।– | १०,००,०००।– | | |
| २ | कनकाई आधारभुत अस्पतालको सेवा | | ५०,००,०००।– | ५०,००,०००।– | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुदृढिकरण गर्न उपकर तथा सेवा खरिद गर्न । | | | | | |
| ३ | नगरका सम्पुर्ण नागरीकहरुलाई स्वास्थ्य सेवाको अधिकतम पहुँचमा पुर्याउन अति बिपन्न २% लाई पुर्ण बिमा र विपन्न ४% लाई अर्ध बिमा कार्यक्रम गर्न | १७,००,०००।– | | १७,००,०००।– | | |
| ४ | निशुल्क वितरणको लागी नपुग औषधि खरिद गर्न | ७,००,०००।– | | ७,००,०००।– | | |
| ५ | करार स्वास्थ्यकर्मीहरुको (अ.न.मि.) तलब भत्ताको लागी | १५,००,०००।– | | १५,००,०००।– | | |
| ६ | २ बर्ष मुनिका बालबालिकाहरुको स्वास्थ्य परिक्षण कुपोषण व्यवस्थापन गर्न | २,००,०००।– | | २,००,०००।– | | |
| ७ | माहामारीजन्य रोगहरु कोरोना, डेङ्गु, आदिको सचेतनामुलक कार्यक्रमहरु गर्न | २,००,०००।– | | २,००,०००।– | | |
| ८ | महिलाहरुको पाठेघर परिक्षण तथा उपचारको लागी | ५,००,०००।- | | ५,००,०००।- | | |
| ९ | आँखा, नाक, कान तथा घाँटि सम्बन्धि विशेषज्ञ सिविर संचालन गर्न | ५,००,०००।– | | ५,००,०००।– | | |
| १० | जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम गर्न | ५,००,०००।– | | ५,००,०००।– | | |
| ११ | स्वास्थ्यकर्मी अवलोकन भ्रमण खर्च | १,००,०००।– | | १,००,०००।– | | |
| १२ | महिला स्वास्थ्य स्वएमसेविका प्रोत्साहान भत्ता खर्च | ५,४६,०००।– | | ५,४६,०००।– | | |
| १३ | वि.पि.कोइराला स्वास्थ्य विज्ञन प्रतिस्ठान लगायत अन्य स्वास्थ्य संग सम्बन्धित प्रतिस्ठानहरु तथा संघ संस्थाहरुसंग | १४,५४,०००।– | | १४,५४,०००।– | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्न्वय गरी क्यान्सर तथा अन्य रोगको उपचार तथा व्यवस्थापन गर्न | | | | | |
| १४ | घरमा प्रसुति सुन्य कार्यक्रम कार्यान्वियन गर्न | ६,००,०००।– | | ६,००,०००।– | | |
| १५ | गर्भवति जाँच उत्प्रेरण कार्यक्रम कार्यन्वयन गर्न | ५,००,०००।– | | ५,००,०००।– | | |
| १६ | **जम्मा** | ९०,००,०००।- | ६०,००,०००।- | १,५०,००,०००।– | | |

## ५. तथ्याङ्क संकलन ( रुपैया पचास लाख)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कनकाई नगरपालिकाको जग्गा अध्याधिक फिल्ड नापी, टेप नापी टोटल स्टेसन, स्याटलाईट इमेज विधिवाट नापी गर्ने काम तथा सहजकर्ता पारिश्रमिक | २०,००,०००।- | | २०,००,०००।- | | |
| २ | विवरण अध्यावधिक तथा डाटट प्रेसेसिङ कार्यक्रम | १०,००,०००।- | | १०,००,०००।- | | |
| ३ | आवश्यक सामाग्री खरिद, व्यवस्थापन र विविध | | १०,००,०००।- | १०,००,०००।- | | |
| ४ | विषेसज्ञ सेवा/ परामर्स सेवा खरिद | | १०,००,०००।- | १०,००,०००।- | | |
| | जम्मा | ३०,००,०००।- | २०,००,०००।- | ५०,००,०००।- | | |

## ६. बाल मैत्री नगर तथा बाल कोष (रुपैया वीस लाख)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाल कोष स्थापना | | ५,००,०००।- | ५,००,०००।- | | |
| २ | नगर बालमैत्री स्थानीय प्रवर्द्धन कार्यक्रम | १०,००,०००।- | | १०,००,०००।- | | |
| ३ | नगर बाल सञ्जाल मार्फत विभिन्न कार्यक्रम संचालन | ४,५०,०००।- | | ४,५०,०००।- | | |
| ४ | बालमैत्री शासनको अवलम्बन सम्बन्धमा अनुगमन, समन्वय र सहजिकरण | ५०,०००।- | | ५०,०००।- | | |
| | जम्मा | १५,००,००।- | ५,००,०००।- | २००००००।- | | |

### ७. सूचना प्रविधि ( इन्ट्रानेट कम्प्युटर नेटवर्क, इक्युमेन्ट तथा अन्य) (रुपैया पच्चिस लाख)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सूचना प्रविधि ( इन्ट्रानेट कम्प्युटर नेटवर्क, इक्युमेन्ट तथा अन्य) | ५,५०,०००।- | १९,५०,०००।- | २५०००००।- | | |
| | कुल जम्मा | ५,५०,०००।- | १९,५०,०००।- | २५,००,०००।- | | |

### ८. वन वातावरण तथा पर्यटन विकास (रुपैया रुपैया पचास लाख)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वन वातावरण सम्बन्धि विविध कार्यक्रम संचालन | ५,००,०००।- | | ५,००,०००।- | | |
| २ | वन विभागलाई हस्तानतरण गरिएको जग्गामा वृक्षरोपण, संरक्षण तथा घेरावारा | | १५,००,०००।- | १५,००,०००।- | | |
| ३ | पर्यटन प्रवर्दन तथा विकास सम्बन्धी विविध कार्यक्रम संचालन | १५,००,०००।- | | १५,००,०००।- | | |
| ४ | वाटोको दायावाय वृक्षरोण तथा संरक्षण कार्यक्रम | | १५,००,०००।- | १५,००,०००।- | | |
| | **जम्मा** | २०,००,०००।- | ३०,००,०००।- | ५०,००,०००।- | | |

### ९. सहकारी प्रवर्धन तथा सम्वर्द्धन ( रुपैया दश लाख)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहकारी सम्बन्धी चेतना मुलक, क्षमता बिकास र सहकारी शिक्षा सम्बन्धी विविध कार्यक्रम संचालन | २,००,०००।- | | २,००,०००।- | | |
| २ | प्रस्तावनाका आधारमा सहकारी संस्थाहरुलाई कार्यक्रम अनुदान | २,००,०००।- | | २,००,०००।- | | |
| ३ | सहकारी संस्थाहरुलाई बिउ पूँजी अनुदान | | ६,००,०००।- | ६,००,०००।- | | |
| | **जम्मा** | ४,००,०००।- | ६,००,०००।- | १०,००,०००।- | | |

१०. फोहोर मैला व्यवस्थापन (रुपैया पच्चिस लाख)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरसफाई गर्ने कर्मचारी व्यवस्थापन | २०,००,०००।- | | २०,००,०००।- | | |
| २ | फोहोर मैला संकलन गर्ने सवारी इन्धन | ५,००,०००।- | | ५,००,०००।- | | |
| | **जम्मा** | **२५,००,०००।-** | | **२५,००,०००।-** | | |

१२. सुसासन सस्थागत विकास तथा व्यवस्थापन अफिस अटोमेसन समेत ( रुपैया पैतिस लाख)

| क्र.स. | खर्च शीर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिकालाई आवश्यक पर्ने एकिकृत अफिस अटोमेसन सफ्टवेयर व्यवस्थापन (योजना, सिफारिस, वडा , नगर सम्पुर्ण व्यवस्थापन हुने गरी परामर्श सेवा खरिद समेत | | २०,००,०००।- | २०,००,०००।- | | |
| २ | स्मार्ट क्याड सफ्टवेर तथा उपकरण खरिद | | ५,००,०००।- | ५,००,०००।- | | |
| ३ | इपेमन्टे सफ्वेयर जडान तथा सेवा संचालन | | ३,००,०००।- | ३,००,०००।- | | |
| ४ | चौमासिक सार्जाननिक सुवाई कार्यकक्र संचालन | १,५०,०००।- | | १,५०,०००।- | | |
| ५ | सुसासन तथा सस्थागत विकास सम्बन्धि तालिम , गोष्ठि तथा अन्य कार्यक्रम संचालन | ५,५०,०००।- | | ५,५०,०००।- | | |
| | **जम्मा** | **७,००,०००।-** | **२८,००,०००।-** | **३५,००,०००।-** | | |

१३. विद्युतीकरण (रुपैया तीस लाख)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उज्यालो नगरका लागि विद्युतीकरण सम्बन्धी विभिन्न कार्यक्रम संचालन | | ३०,००,०००।- | ३०,००,०००।- | | |
| | **जम्मा** | | **३०,००,०००।-** | **३०,००,०००।-** | | |

१४. लक्षित वर्ग (रुपैया पैतिस लाख)

| क्र.स. | खर्च शिर्षक | चालु | पुजीगत | जम्मा विनियोजन | खर्च स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रस्तावका आधारमा लक्षित वर्ग सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्न (उपमेयर सुत्केरी पोषण समेत) | २०,००,००० | १५,००,०००।- | ३५,००,०००।- | | |
| | **जम्मा** | २०,००,०००।- | १५,००,०००।- | ३५,००,०००।- | | |

१५. संघ सस्था तर्फ अनुदान सहयोग (रुपैया पैतिस लाख)

